United Nations
Educational, Scientific and
Cultural Organization

Japan
Funds-in-Trust

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# विधि

४

पैरवी गाइड

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# विधि

१

इयान कप्लान र इन्ग्रीड लेविस

**प्रकाशक :**

युनेस्को बैंकक
शिक्षाका लागि एसिया तथा प्रशान्त क्षेत्रीय ब्यूरो
ममलुआङ पिन मलाकुल सेन्टेनरी भवन
९२० सुखुम्वित सडक, प्रकानोङ, क्लोङटोई
बैंकक १०११०, थाइलैन्ड

© युनेस्को २०१३

सर्वाधिकार सुरक्षित
ISBN 978-92-9223-437-9 (मुद्रण)
ISBN 978-92-9223-438-6 (इलेक्ट्रोनिक)

यस प्रकाशनका कुनै पनि सामग्रीका प्रस्तुतिहरुमा कुनै देशको कानुनी अवस्था या कानुनसँग सम्बन्धित सवालमा युनेस्कोको आफ्नो मनसाय रहेको छैन । त्यस्तै गरी कुनै देशको, खास सहर वा भौगोलिक क्षेत्रको सीमानासँग सम्बन्धित कुराहरुका बारेमा युनेस्कोले टिप्पणी गर्ने मनसायबाट पनि यी सामग्रीहरुमा कुनै पनि खालको प्रस्तुति गर्न खोजिएको छैन ।

यस पुस्तिकामा उल्लेखित तथ्यहरुको छनोट र प्रस्तुतीकरणका लागि लेखकहरु जिम्मेवार छन् । त्यसै गरी यहाँ अभिव्यक्त भएका विचारहरुका सम्बन्धमा पनि उनीहरु जिम्मेवार छन्, जो युनेस्कोका आधिकारिक धारणा नहुन सक्छन् र ती कुरामा यस संस्थाको वचनबद्धता (commitment) रहँदैन ।

सूचनाको व्यापक प्रचार-प्रसारका लागि युनेस्को बैंकक प्रतिबद्ध छ र त्यस उद्देश्यमा रहेर यो पुस्तिका वा अन्य प्रकाशित सामग्रीहरुको पुनर्मुद्रण, पुनःप्रकाशन वा अनुकूलन (adaptation), अथवा अनुवादका लागि गरिने सोधपूछलाई सदैव स्वागत गरिन्छ । यसबारेमा विस्तृत जानकारी लिन ष्फादनप२गलभकअयायचन मा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रतिलिपि सम्पादक (copy-editor) : स्याण्डी ब्यारोन
डिजाइन - ले आउट : वारेन फिल्ड
थाइलैंण्डमा मुद्रित
APL/13/013-500

# भूमिका

समावेशी शिक्षा वास्तवमा सम्पूर्ण सिकारु (विद्यार्थी) हरुको सिकाइमा सहभागिता वृद्धि गरेर उनीहरुका विभिन्न प्रकारका आवश्यकताहरुलाई सम्बोधन गर्दै सिकाउने एउटा प्रक्रिया हो । यसमा उनीहरुका सिकाइ अनुभवहरु र सिकाइ उपलब्धिहरुको सबलीकरण गर्ने प्रक्रिया सँगसँगै चल्दछ र शिक्षामा हुने बहिस्करण (exclusion) लाई यसमा घटाइन्छ । समावेशी शिक्षाका लागि काम गरिरहँदा "सबैका लागि शिक्षा" (Education for All) को साझा दूर दृष्टिबाट निर्देशित भएर शिक्षण सिकाइका विषयवस्तु, अवधारणाहरु (approaches), शैक्षिक प्रक्रिया, संरचना तथा रणनीतिहरुमा महत्वपूर्ण परिवर्तन तथा सुधार गर्नुपर्ने खाँचो पर्दछ । यस प्रक्रियामा शिक्षकहरुले भूमिका खेल्नुपर्ने आवश्यकता अपरिहार्य छ ।

पूर्वसेवाकालीन (pre-service) शिक्षक शिक्षाले भविष्यका शिक्षकहरुलाई आवश्यक पर्ने ज्ञान, क्षमता र मूल्यहरु (values) प्रदान गर्नै पर्दछ, जसबाट उनीहरु आफ्नो कार्यथलोमा समावेशी सिकाइ वातावरणको निर्माण र विकास गर्न सकून् । तथापि हालसालै युनेस्कोको शिक्षाका लागि एसिया-प्रशान्त क्षेत्रीय ब्यूरो (युनेस्को बैंकक) द्वारा नेतृत्व गरिएको एक अध्ययनले निकालेको निष्कर्षअनुसार यस क्षेत्रका देशहरुमा हुने पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरुको पुनरावलोकन (review) गरी निकालिएको निष्कर्षअनुसार यस क्षेत्रका धेरै देशहरुमा सञ्चालन हुने पूर्वसेवाकालीन शिक्षक शिक्षाले आफ्ना स्नातकहरुलाई विद्यार्थीका विभिन्नताहरुको प्रभावकारी सम्बोधन गर्नसक्ने बनाउनका लागि धेरै कुराहरु गर्न अझै बाँकी छ ।

यस पृष्ठभूमिमा "समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" शीर्षकको यो प्रकाशनलाई युनेस्को बैंककले बाहिर ल्याएको छ । यसअन्तर्गत पाँचवटा पुस्तिकाहरु छन् : परिचय, नीति, पाठ्यक्रम, सामग्रीहरु र विधि । शिक्षक शिक्षालाई बढीभन्दा बढी समावेशी बनाउनका लागि पूर्वसेवाकालीन शिक्षक शिक्षामा परिवर्तन र सुधार गर्नतर्फ पैरवी (advocacy) गर्न चाहने जोसुकैलाई पनि सहयोग पुगोस् भन्ने मनसायले यी सामग्रीहरु प्रस्तुत गरिएको छ । यी पुस्तिकाहरु हु-बहु लागु गर्ने निर्देशिका चाहिं होइनन् । बरु यिनले पैरवीकर्ताहरु ९बमखयअबतभक० लाई केही उपायहरु अवस्य सुझाउँछन् – जसलाई आफ्नो विशिष्ट परिस्थिति र आवश्यकताअनुसार समायोजन गरी लागु गर्न सकिन्छ ।

यी सामग्रीहरुको प्रकाशनबाट एसिया-प्रशान्त क्षेत्रको शिक्षक शिक्षालाई सुधार गर्न र सबल तुल्याउन मद्दत पुग्छ भन्ने मैले आशा लिएको छु – जसबाट बढी समावेशी र गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्न सकियोस् ।

ग्वाङ-जो किम<br>
निर्देशक<br>
युनेस्को बैंकक

# कृतज्ञता

"समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" को प्रकाशन वास्तवमा एउटा सामुहिक प्रयासको उपज हो । यस प्रयासमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तिहरुलाई युनेस्को बैंकक धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत प्रकाशित सेटअन्तर्गतका ५ वटा पैरवी निर्देशिकाहरुका लेखक ईन्याबलिङ एजुकेसन नेटवर्क (EENET) CIC का ईयान कप्लान र ईन्ग्रिड लेविसलाई यस कामका लागि विशेष कृतज्ञता व्यक्त गरिन्छ । ईयान र इन्ग्रिडले EENET CIC का माध्यमबाट मात्र होइन त्यसबाहिरबाट पनि समावेशी शिक्षाको सिद्धान्त र प्रयोगका सम्बन्धमा आफ्नो ज्ञान र विशेषज्ञतालाई बहुतै खुल्ला हृदयले प्रचारमा ल्याउनुभएको छ† र यी पैरवी निर्देशिकाहरु (Advocacy guide) को विकास गर्ने क्रममा हामी उहाँहरुबाट साँच्चिकै लाभान्वित भएका छौं ।

त्यसै गरी बंगलादेश, कम्बोडिया, चीन, लाओ पिडि आर (Lao PDR), मंगोलिया, नेपाल, थाइल्यान्ड र भियतनाम देशका अनुसन्धान टोलीमा रहेका व्यक्तिहरु पनि धन्यवादका पात्र हुनुहुन्छ – जो २००८–२००९ मा सम्पन्न पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रणालीहरुको गहन समीक्षा र अवस्था विश्लेषण (situation analysis) कार्यमा संलग्न हुनुभयो र २०१०–२०११ मा भएको पुनरावलोकन (follow up review) मा पनि काम गर्नुभयो अनि आ-आफ्नो देशका तर्फबाट प्रतिवेदन (country report) तयार पार्नुभयो । ती प्रतिवेदनहरुका आधारमा नै यी पैरवी निर्देशिकाहरु तयार गरिएको हो । त्यसै गरी २०१२ जुलाइमा बैंककमा सम्पन्न "गुणस्तरीय शिक्षक शिक्षाका माध्यमबाट एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षा" विषयक युनेस्कोद्वारा आयोजित विज्ञहरुको बैठकका सहभागीहरुप्रति पनि हामी आभारी छौं । उहाँहरुको अमूल्य सल्लाह तथा सुझावबाट यी निर्देशिका पुस्तिकाहरुलाई यस रुपमा ल्याउन महत्वपूर्ण सहयोग प्राप्त भएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा काम गरेका धेरै विशेषज्ञहरुले आफ्नो महत्वपूर्ण समय दिएर पैरवी निर्देशिका पुस्तिकाहरुमा प्रतिक्रिया तथा राय-सुझाव प्रदान गर्नुभएको छ । यसरी प्राप्त प्रत्येक राय-सुझाव र प्रतिक्रियाहरु यी निर्देशिकाहरुलाई स्तर सम्पन्न बनाउनका लागि सहायक सिद्ध भएका छन् । उहाँहरुले दिनुभएको समय, दक्षता र यस कार्यमा देखाउनुभएको उत्साहका लागि युनेस्को बैंकक हार्दिक आभार व्यक्त गर्दछ । यी व्यक्तिहरु हुनुहुन्छ : विशेष आवश्यकता शिक्षाको विकासका लागि युरोपेली नियोग (European Agency for Development in Special Needs Education) का सेल्डन सेफर, अमन्डा वाट्किन्स् र भेरिटि डोन्ली । त्यसै गरी समर ईन्सटिच्युट अफ् लिङगविस्टिक्स् (Summer Institute of Linguistics) का क्याथरिन योङ र किर्क पर्सन अनि वर्ल्ड अफ ईन्क्लुजन (World of Inclusion) का रिचार्ड राईजर† युनिसेफ न्युयोर्कका स्टेफानेइ होज तथा कोन कयोन विश्वविद्यालयका पेन्नी नरोट पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यसका अतिरिक्त युनेस्कोमा कार्यरत धेरै साथीहरुको सल्लाह-सुझाव एवम् प्रतिक्रियाका साथै महत्वपूर्ण सहयोगबाट पनि यी पैरवी निर्देशिकाहरुको स्तर वृद्धिमा सहयोग पुगेको छ । शिक्षाको अन्तर्राष्ट्रिय

ब्युरो (International Bureau of Education), युनेस्कोको मुख्यालयमा रहेको आधारभूत शिक्षा शाखा (Section for Basic Eduation) का साथै बेइजिङ, ढाका, हनोइ, काठमाडौं तथा नोम पेन् (Phnom Penh) मा रहेका युनेस्कोका अफिसहरुमा कार्यरत हाम्रा साथीहरुले यसका लागि ठूलो सहयोग गर्नुभएको छ । युनेस्को बैंककमा हाल कार्यरत र विगतमा काम गर्नुभएका साथीहरुको निरन्तर सहयोगबाट यो कार्य सम्पन्न भएको छ – जसबिना यो कार्य सम्भव हुने थिएन । उहाँहरुलाई पनि हामी सधैजस्तै गरी हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छौं ।

अन्तमा हामी “सबैका लागि शिक्षा तथा दिगो विकासका लागि शिक्षा गुणस्तरीय शिक्षक शिक्षालाई पुनःनिर्देशित गर्ने” (Reorienting Quality Teacher Education Towards Education for All and Education for Sustainable Development) परियोजनाको सञ्चालनका लागि आर्थिक सहयोग जुटाइदिएकामा जापानको शिक्षा, संस्कृति, खेलकूद, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षक शिक्षा सुनिश्चित गर्नका लागि यस कार्यले पुर्‍याउने फाइदाको लागि उहाँहरुले गर्नुभएको यो सहयोगको हामी विनम्रतापूर्वक खुल्ला दिलले सराहना गर्छौं ।

# विषय-सूची

**परिचय** ..........**१**
विधि भन्नाले हामी के बुभ्दछौँ ? ..........१
समावेशी शिक्षा विधि किन एक  महत्वपूर्ण बहसको विषय हो ? ..........२

**चुनौती १ : विविधताको सम्मान/विविधतालाई स्वीकार्नु** ..........**४**
परिस्थितिको विश्लेषण ..........४
पैरवी लक्ष्यहरू..........५

**चुनौती २ : शिक्षण सीप र विधिहरू** ..........**९**
परिस्थितिको विश्लेषण ..........९
पैरवी लक्ष्यहरू..........१३

**चुनौती ३ : अभ्यास, मनन र सहयोग**..........**२१**
परिस्थितिको विश्लेषण ..........२१
पैरवी लक्ष्णहरू..........२२

**यो पैरवीले सकारात्मक प्रभाव पार्दैछ भन्ने कुरा कसरी थाहा पाउने ?** ..........**२८**

**अनुसूची** ..........**२९**

# परिचय

## परिचय

यो विधि सम्बन्धी पैरवी निर्देशिका 'समावेशी शिक्षा प्रवर्धन' मा केन्द्रित छ। यो समावेशी शिक्षक शिक्षाको प्रवर्धन सम्बन्धी पाँचवटा पुस्तिकाहरु मध्येको एक हो। यसलाई एक्लै वा अन्य चारवटा निर्देशिकाहरु जस्तै : परिचय, नीति, पाठ्यक्रम र सामग्री सँग मिलाएर पनि प्रयोग गर्न सकिन्छ।

यो निर्देशिकाले शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण विधिहरुको क्षेत्रमा देखिएका चुनौतिहरु र अवरोधहरुमा जोड दिएको छ। यसले शिक्षक शिक्षामा काम गर्ने संघ संस्थाहरु, शिक्षा मन्त्रालयहरु, साथसाथै शिक्षा क्षेत्रका अन्य सरोकारवालाहरुलाई समावेशी शिक्षण विधिहरुको अनुकुलन, विकास र कार्यान्वयनका लागि पैरवी एवम् सहयोग गर्नको लागि आवश्यक रणनीतिहरु र समाधानका उपायहरु प्रदान गर्दछ।

## विधि भन्नाले हामी के बुझ्दछौं ?

यो निर्देशिकाले पुर्व-सेवाकालीन शिक्षक शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुमा प्रयोग हुने शिक्षण विधिहरुको बारेमा छलफल गर्दछ। यसमा विद्यार्थी शिक्षकहरुले आफ्नो अभ्यास शिक्षण गर्दै गर्दा विद्यालयमा प्रयोग हुन सक्ने विधिहरु एवम् उनीहरु परिपक्व/पूर्ण शिक्षक हुँदासम्मको अवस्थाका लागि आवश्यक शिक्षण विधिहरुका साथै शिक्षक शिक्षामै प्रयोग हुने शिक्षण विधिका बारेमा पनि छलफल केन्द्रित रहेको छ। यहाँ 'विधि' भन्नाले शिक्षणको 'कसरी' भन्ने पक्षलाई जनाउँदछ अर्थात शिक्षक शिक्षा संस्थाहरु र विद्यालयहरुमा शिक्षण सिकाइको योजना, व्यवस्थापन, सञ्चालन एवम् मुल्याङ्कन कसरी गर्ने भन्ने विषयहरु यसअन्तर्गत पर्दछन्। यो विधि शिक्षक शिक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने संस्थाहरु, विद्यालयहरु र समुदायहरुमा कसरी समावेशी भित्र्याइएको छ भन्ने कुरासँग प्रत्यक्षरुपमा सम्बन्धित छ।

समावेशी शिक्षण विधि मुख्यतया समावेशी पाठ्यक्रममा अन्तरनिहित र एक अर्काको पूरकको रुपमा छ। यसको अर्थ समावेशी पाठ्यक्रमले समावेशी शिक्षण विधि कसरी प्रयोग हुनुपर्दछ भन्ने बारे स्पष्ट ढाँचा प्रदान गर्दछ (पैरवी निर्देशिका ३ मा पाठ्यक्रम सम्बन्धि विस्तृत कुरा हेर्नुहोस्)। हामीसँग समावेशी शिक्षाका विषयवस्तु र संरचनासँग सम्बन्धित सम्पूर्ण पक्षलाई समेट्ने पाठ्यक्रम भए तापनि यदि त्यसमा समावेशी शिक्षण विधिप्रतिको दृष्टिकोणका बारेमा सोचविचार र चर्चा गरिएको छैन भने त्यो पाठ्यक्रमले कक्षाकोठाका वास्तविकतालाई समेटेर समावेशी शिक्षाको प्रत्याभूति गर्न सक्दैन।

यस पैरवी निर्देशिकामा निम्न कुराहरुसँग सम्बन्धित समावेशी शिक्षण विधिहरुको बारेमा चर्चा गरिनेछ :

### १. शिक्षण विधिहरु र सीपहरु

शिक्षक शिक्षामा प्रयोग हुने विधिहरु सीपहरु ल्चकता भएको विद्यार्थी-केन्द्रित र विद्यार्थीहरुका विविध आवश्यकताहरुलाई समेट्ने खालका हुनेछन् भन्ने प्रत्याभूति गराउने; विद्यार्थी शिक्षकहरुलाई आफ्ना स्थानीय स्रोतहरुको विकास गर्न सघाउने एवम् उनीहरुलाई निर्माणात्मक मूल्याङ्कन बुझ्न र त्यसको प्रयोग गर्न सघाउने।

**२. अभ्यास, चिन्तन र सहयोग :** विद्यार्थी शिक्षकहरुलाई कार्यगत अनुसन्धान गरी स्व-चिन्तन (Self Reflection) गर्दै वास्तविक अभ्यास शिक्षण गर्ने अवसर प्राप्त भएको छ भन्ने कुराको प्रत्याभूति गराउने । साथै उनीहरुलाई आफ्नो शिक्षक शिक्षा अध्यन गर्ने अवधिभर निरन्तर उपयुक्त सहयोग गर्ने र उनीहरुले आफ्नो शिक्षणलाई समावेशी बनाउन आवश्यक पर्ने लिङ्ग, अपाङ्गता र भाषासँग सम्बन्धित विशिष्ट सिपहरु सिक्दछन् भन्ने कुरा आश्वस्त पार्ने ।

## समावेशी शिक्षा विधि किन एक महत्वपूर्ण वहसको विषय हो ?

समावेशी शिक्षा पूर्णतः सम्वद्ध सामाजिक प्रणाली एवम् शिक्षामा हुने मानवीय अन्तरक्रियामा निर्भर हुन्छ । मुख्यगरी विधिले शिक्षक शिक्षा संस्थाहरु, विद्यालयहरु र समुदायमा हुने अन्तरक्रियालाई निर्धारण एवम् सूचित गर्दछ । यो समावेशी शिक्षाको अभिन्न अङ्ग हो र वहसको मुख्य विषय पनि हो । समावेशी शिक्षण विधि भन्नाले यस्तो प्रक्रियालाई जनाउँदछ, जसले शिक्षकहरुलाई समावेशी शिक्षाका अवधारणाहरु, सिद्धान्तहरु र क्रियाकलापहरुलाई अभ्यासमा रुपान्तरण गर्न सक्षम बनाउँदछ । तर यो विधि प्रयोगमा ल्याउन उत्तीकै चुनौतिपूर्ण हुनसक्छ (मुख्यगरी समावेशी विधिहरुको बारेमा पूर्व अनुभव कम भएका शिक्षकहरुको हकमा) । यसका लागि अभ्यास र सहयोगको आवश्यकता पर्दछ । साथै समावेशी शिक्षाको बारेमा पैरवी वहस गर्न उत्तिकै जरुरी छ किनकि यसलाई अन्ततः प्रभावकारी बनाउन, यसको प्रयोग संवेदनशील एवम् बृहत रुपमा गर्न र यसलाई राम्ररी बुझिएको छ भन्ने सुनिश्चित गर्नु पर्दछ ।

समावेशी शिक्षा शिक्षण सिकाइको प्रकृति र गुणस्तरमा निर्भर हुन्छ । वास्तवमा शिक्षणको माध्यम नै एक सन्देश हो । यसको अर्थ, जतिवेला शिक्षण विधि नै तात्विक रुपमा समावेशी हुन्छ त्यतिवेला नै यो समावेशी शिक्षणको पैरवीको माध्यम हुन्छ । यसले नै सबैका लागि गुणस्तरीय सिकाइ अनुभवको प्रत्याभूति गराउन सक्छ । जस्तै : यदि कुनै शिक्षक कक्षाकोठामा मिश्रित क्षमता भएका विद्यार्थीहरुको समुह कार्य सहजीकरण गर्न सक्दछ भने (जुन एक मुख्य समावेशी शिक्षा विधि हो) यसले फरक फरक क्षमता भएका विद्यार्थीहरुलाई आपसमा सहयोग गरी सिक्ने वातावरणको सिर्जना गर्दछ । यसबाट वास्तविक सिकाइ हुने र सिकाइमा हौसला मिल्ने मात्र नभई फरक क्षमता भएका विद्यार्थीहरुलाई साथीहरुबाट सिक्न र आफ्ना क्षमताहरुलाई प्रस्फुटन गर्न सिकाउँदछ । यो नै समावेशी कक्षाकोठाको एक नमुना हुन सक्दछ ।

शिक्षण सिकाइमा समावेशी विधिको अनुभूति गराउन शिक्षण विधिसँग सम्बन्धित उद्देश्यहरु पुरा गर्नु पर्ने हुन्छ । यो निर्देशिकामा नयाँ अनुसन्धानले[१] देखाए अनुसारका निम्न उद्देश्यहरुमा हामी चर्चा गर्नेछौं :

- विविधतालाई सम्मान गर्ने एवम् समावेशी शिक्षाको अवरोध गर्ने तत्त्वहरुलाई पहिचान गर्न एक व्यवस्थित प्रक्रिया अवलम्बन गर्ने,
- विद्यार्थी केन्द्रित शिक्षणको प्रवर्धन गर्ने र यसलाई सहज बनाउने,
- फरक फरक र अन्तरक्रियात्मक शिक्षण सिकाई विधिहरुको प्रयोग गर्ने र केही सिकारुहरुको लागि अनुचित हुने खालका विधिहरुको निरन्तर प्रयोगलाई पन्छाउँदै जाने ।

---

१ फोर्गाक्स, आर. २०१२. २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्नलाई शिक्षक शिक्षाको सवलिकरण. विद्यार्थी शिक्षकहरूलाई शिक्षण शुरू गर्ने बेलामा समावेशी धारणा र व्यवहार अवलम्बन गर्न कसरी तयार पारिएको छ ? वंगलादेश, क्याम्वोडिया, चिन, लाओ पिडिआर, मंगोलिया, नेपाल, थाइल्याण्ड र भियतनामको पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रणालीहरूको २००८-२०११ मा गरिएको सर्वेक्षणको सारांश र विश्लेषण, बैङ्कक, युनेस्को ।

- शिक्षकलाई स्थानीय परिस्थितिसँग मेलखाने शैक्षणिक सामग्री र पाठ्यक्रम अवलम्बन गर्न उत्साहित गराउने खालका शिक्षण विधिहरुको प्रयोग गर्ने,
- निर्माणात्मक र विश्वसनिय/प्रामाणिक मूल्याङ्कनमा[२] जोड दिने,
- विद्यार्थीका लागि वैयक्तिक सिकाई पद्धतिको विकास गर्ने,
- विद्यार्थी शिक्षकहरुलाई गुणात्मक सुपरिवेक्षण र सहयोगको प्रत्याभूति दिलाउने,
- गहन अभ्यास शिक्षणको प्रत्याभूति दिलाउने,
- समावेशी शिक्षण क्षमताहरुको विकास गर्न चिन्तनशील एवम् स्वतःस्फूर्त शिक्षण अभ्यासमा लगाउने ।

कुनै पनि कुराको पैरवी गर्दा तपाईहरु आफ्नो परिस्थितिमा कस्ता चुनौतिहरु र आवश्यकताहरु छन् भन्ने कुरामा अनुसन्धान गर्न चाहुनुहुन्छ र त्यस अनुसार आवश्यक पर्ने विशेष परिवर्तनहरु तर्फ उन्मूख हुनुहुन्छ । यहाँ प्रस्तुत गरिएका जानकारीहरु समावेशी शिक्षण विधिहरुको पक्षमा पैरवी गर्नका लागि दिइएका सुझावहरु हुन्, । कुनै अधिकारिक रुपमा लादिएका नियमहरु होइनन् ।

[२] प्रामाणिक मूल्याङ्कनले विद्यार्थीहरुलाई सक्रिय रुपमा मूल्याङ्कन प्रक्रियामा समावेश गराउदछ । जस्तै : विद्यार्थीलाई उसका आफ्नै उपलब्धिहरुको मूल्याङ्कन गर्न लगाउनु प्रामाणिक मूल्याङ्कन कार्यसम्पादनमा आधारित, वास्तविक र शिक्षण प्रक्रिया अनुकुल खालका हुन्छन् । युनेस्को, २००४. विविधताको अवलम्बन : समावेशी र सिकाइ-मैत्री वातावरण निर्माण सामग्री - पुस्तिका - ५ - समावेशी सिकाइ-मैत्री कक्षकोठाको व्यवस्थापन. वैङ्कक, युनेस्को, पृ. ४३ ।

## चुनौती-१
# विविधताको सम्मान/विविधतालाई स्वीकार्नु

## परिस्थितिको विश्लेषण

***समावेशी शिक्षामा विविधतालाई सम्मान गर्ने र अवरोधहरुको पहिचान गर्ने व्यवस्थित पद्धतिको कमी।***

जब शिक्षकहरुलाई नै सम्पूर्ण प्रणालीमा, विद्यालय र कक्षाकोठाहरुमा समस्याहरु पत्ता लगाउन सहयोग गरिदैन, तवसम्म उनीहरुले सिकारुहरुलाई नै समस्याको रुपमा बुझ्न सक्ने खतरा रहन्छ । यसले गर्दा शिक्षकहरुले त्रुटिपूर्ण शिक्षण पद्दतिमा परिवर्तन ल्याएर विद्यार्थी मैत्री बनाउनुको सट्टा विद्यार्थीहरुलाई नै उक्त प्रणाली अनुसार अनुकुल गराउन कोशिस गर्न सक्दछन् । यो तरिकाबाट विद्यार्थीहरुमाथि नै अन्यायपूर्ण रुपमा समावेशी शिक्षाको दायित्व थुपार्ने काम हुन्छ । यदि शिक्षकहरुलाई शिक्षण प्रणालीमा भएका अवरोधहरुको पहिचान गर्न सहयोग गरिदैन भने उनीहरु आफ्नो कक्षाकोठामा र विद्यालयमा विविध आवश्यकताहरु भएका विद्यार्थीहरुलाई समावेश गर्न प्रयासरत हुन्छन् । तर जब शिक्षकहरुलाई समावेशी शिक्षाका अवरोधहरुमा मात्र केन्द्रित गराइन्छ, तब उनीहरुलाई नकारात्मक पवृत्तिमाथि बढी जोड दिने र विद्यार्थीका विविधतालाई स्वीकार्ने, विविध क्षमताहरुलाई चिन्ने र तिनको सम्मान गर्ने र यसैको आधारमा गतिशील समावेशी सिकाइ वातावरणको विकास गर्ने भूमिकाबाट टाढा राख्ने काम हुन्छ ।

पैरवी निर्देशिका -१ 'परिचय' मा प्रस्तुत गरिए जस्तै सिकारुलाई शिक्षाको पहुँच, सिकाइ प्रक्रियामा उनीहरुको उपस्थिति र उनीहरुले उत्कृष्ट शैक्षिक एवम् सामाजिक उपलब्धीहरु हाँसिल गर्नबाट बञ्चित गराउने प्रणालीका अवरोधात्मक तत्वहरुको पहिचान र तिनलाई सम्बोधन गर्नुपर्ने कुरा महत्त्वपूर्ण हुन्छ। यी तत्त्वहरु उनीहरुका अभिवृत्ति, अभ्यास, स्रोत/सामाग्री, नीति नियम, अथवा वातावरणसँग सम्बन्धित हुन सक्दछ । प्रायःगरी समावेशी शिक्षाका प्रणालीगत अवरोधहरु बहुल, आपसमा सम्बन्धित वा समानता भएका हुन सक्दछन् । जस्तै, बालिकाहरुलाई विद्यालय पठाउने कुराप्रति अभिभावक, परिवार वा समुदायको नकारात्मक सोचाइ/अवधारणा र गरिबी (स्कुल जाने उमेर समुहका बच्चाहरुबाट परिवारले कामको अपेक्षा गर्नु) जस्ता कुराहरुले ग्रामीण र गरिब बालिकाहरुलाई विद्यालयबाट बाहिरै राख्ने भूमिका खेलिरहेका हुन्छन् । मानसिक अवधारणाहरुले निश्चित रुपमै व्यवहारमा प्रभाव पार्दछन् । जस्तै, यदि एउटा शिक्षकले अटिजम (Autism), डाउन सिन्ड्रम (Down's Syndrome) आदि जस्ता अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ प्रति नकारात्मक धारणा राख्छ भने उसले कक्षा क्रियाकलापहरुमा त्यस्ता बालबालिकालाई समोवश गराउन कुनै पनि खालका प्रयासहरु नगर्न सक्दछ वा त्यस्ता सिकारुहरुलाई कुनै कुनै कुराहरुको सिकाइबाट बञ्चित पनि गराउन सक्दछ । त्यसबाहेक पनि, यस्ता अवरोधहरु समाजमा व्याप्त संरचनात्मक (र चक्रीय) असमानतासँग सम्बन्धित हुन्छन् । जस्तै : एउटा गरिब परिवारको गुणात्मक शिक्षामा पहुँच नहुन सक्छ जसले गर्दा उनीहरुका बालबालिकाको समाजमा शक्ति र सम्मान प्रति पहुँच[३] हुन सक्दैन । यस्तो स्थितिले त्यस्ता परिवारहरुको सामाजिक गतिशिलताको अवसर घटाउँछ र उनीहरुलाई गरिबीको भुमरिमा पारिरहन्छ । यसैको कारण समाजमा गरिब र धनी बिच रहेको सामाजिक र आर्थिक असमानतालाई झन टेवा मिल्न सक्दछ ।

यो वहस सुरु गर्नु भन्दा पहिला तपाईहरुले आफ्नै परिस्थितिको विश्लेषण गर्दा सहयोग पुऱ्याउने प्रश्नहरु :

- समावेशी शिक्षाको प्रवर्धनमा राष्ट्रिय शिक्षा नितीमा कस्तो आशय व्यक्त गरिएको छ ? के शिक्षा नीतिले समावेशीताको प्रवर्धन गर्दछ ?
- के पूर्व सेवाकालीन शिक्षक शिक्षा कक्षाहरु सञ्चालन गर्ने तपाईका संस्थाहरुले विद्यार्थी शिक्षकहरुलाई (उनीहरुका विद्यार्थीहरु नै समस्या हुन् नभनीकन) पद्धति, विद्यालय र कक्षाकोठामा रहेका अवरोधहरुको पहिचान गर्न सहयोग गर्दछन् ?
- के विद्यार्थी शिक्षकहरुलाई आफ्ना विद्यार्थीहरु/विद्यालय/समुदायमा अवस्थित राम्रा पक्षहरु, सकारात्मक धारणाहरु र व्यवहारहरुका साथै स्थानीय सिप र स्रोतहरु प्रयोग गरेर समस्याको समाधान खोज्ने रणनीतिहरुको प्रयोगमा ध्यान दिन प्रेरित गरिन्छ ?

## पैरवी लक्ष्यहरु

### विधि पैरवी सन्देश - १

***"समावेशी शिक्षामा अवरोधहरु खडा गर्ने तत्त्वहरु प्रणाली र विद्यालहरु मात्र हुन्, कहिल्यै पनि सिकारुहरु होइनन् ।"***

माथि उल्लेख गरिएको पैरवी सन्देश -१ तलका पैरवी सन्देश -२ र ३ सँग धेरै नजिक छ । यदि तपाई समावेशी शिक्षाका अवरोधहरु सिकारुका विविध आवश्यकता र क्षमताहरुलाई ग्रहण गर्न नसक्ने शैक्षिक प्रणालीमै निहित छन् नकि यी विद्यार्थीहरुबाट सिर्जित समस्याहरु हुन् भन्ने पक्षमा अडिग हुनुहुन्छ भने मात्र तपाई यस्ता अवरोधहरुको वास्तविक विश्लेषण गर्ने र सबल पक्षहरुलाई चिन्ने अवस्थामा हुनुहुन्छ । त्यतिवेलामात्र तपाईले विविधतालाई व्यवस्थित ढङ्गले तल छलफल गरिए जस्तै गरी स्वीकार्न सक्नुहुन्छ ।

### विधि पैरवी सन्देश -२

***"समावेशी शिक्षाका अवरोधहरुलाई सम्बोधन गर्न एक व्यवस्थित विधिको आवश्यकता पर्दछ जसमा निम्न कृयाकलापहरु समावेश हुन्छन्" :***

***१) समावेशी शिक्षाका अवरोधहरु पहिचान गर्ने ।***

***२) त्यस्ता अवरोध/समस्याहरु समाधानको रणनीति तयार गर्ने ।***

***३) प्रणालीगत सुधारको लागि आवश्यक काम गर्ने । "***

समावेशी शिक्षाका व्यवधानहरुलाई प्रणालीगत ढङ्गले सोचेर वहिस्करणलाई निम्त्याउने मुलभूत अवरोधहरु पत्ता लगाउन, तिनको रेखाङ्कन गर्न र सम्बोधन गर्न सके सम्पूर्ण विद्यार्थीहरुलाई समावेश गरिएको प्रत्याभूति दिन सकिन्छ । यस प्रक्रियामा जुट्नु समावेशी शिक्षण विधिको एक महत्वपूर्ण पक्ष हो । यसले विद्यार्थीहरुलाई मेलखाने खालका प्रणालीहरु अवलम्बन गर्न टेवा पुऱ्याउँदछ न कि उनीहरुलाई प्रणाली अनुकुल बनाउन । साथै अवरोधहरुको पहिचान नै प्रणालीगत एवम् विद्यालय र शिक्षण शिक्षाका संस्थाहरुमा हुने गरेको क्रियाकलापमा परिवर्तन ल्याउन आवश्यक पर्ने पहिलो कदम हो ।

---

[३] रिज लेख्नुहुन्छ : गरिबीको सापेक्षिक प्रभाव, रुम (१९९५) ले बताए अनुसार, अपर्याप्त सामाजिक सहभागिता, सामाजिक समायोजनाको अभाव एवम् सामर्थ्यको अभावले बालबालिकाको जीवनमा विशेष महत्त्व राख्दछ (रुम, १९९५: पृ. ४३५) । रिज, टि. २००६. 'मिल्नु र सामेल हुनु' : सामाजिक सम्बन्ध र सामाजिक समायोजन. लाउडर, एच., ब्राउन, पि., डिलावग, जे. र हाल्से, ए.एच. द्वारा सम्पादन गरिएको 'शिक्षा, भुमण्डलीकरण र सामाजिक परिवर्तन'. अक्सफोर्ड: अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

तलको तालिकामा प्रणालीगत अवरोधहरुका केही उदाहरणहरु र तिनका समाधानहरुको सूचि प्रस्तुत गरिएको छ । ती मध्ये तपाईको परिस्थितिमा कुन कुन वाधाहरु/ समाधानका उपायहरु पाइन्छ ?

| अवरोधका प्रकार | उदाहरणहरू | समाधानका उपायहरू |
|---|---|---|
| मानसिक अभिवृत्तिहरु | • असक्तता भएका बालबालिका/ वयस्क/अल्पसङ्ख्यक जात जातिका र तल्लो जातिका समुहहरुलाई कुनै न कुनै परिस्थितिमा विद्यालय र शिक्षक शिक्षणका संस्थाहरुमा गरिने भेदभाव,<br>• सुस्त सिकाई क्षमता भएकाहरुका लागि समय खेर फाल्नु हुँदैन भन्ने सोच ।<br>• विद्यालयहरु र शिक्षक शिक्षाका संस्थाहरुमा बालिका वा महिलाहरुको शिक्षाप्रति नकारात्मक अवधारणाहरु<br>• बालबालिकाहरुले आफ्ना परिवारलाई सहयोग गर्न घरमा वा समुदायमा (अथवा त्यो भन्दा बाहिर) काम गर्नु पर्दछ भन्ने विश्वास<br>• सबै बालबालिकाहरु सिक्न सक्षम छैनन भन्ने खालको भ्रामक विश्वास | • बालबालिका वा वयस्क सिकारुहरुका विविधतालाई समस्या नठानिकन अझ गुणस्तरीय शिक्षाको लागि अवसरको रुपमा सम्मान गर्न सक्ने अवधारणा,<br>• सुस्त सिकाई क्षमता भएका सिकारुलाई उनीहरुको सिकाईमा सहयोग गर्नु भनेको छिटो सिक्नेहरुको लागि गरिने सहयोग जत्तिकै महत्त्वपूर्ण र मूल्यवान छ भन्ने विश्वास ।<br>• बालिकाहरुलाई विद्यालय जान र उनीहरुको प्रगतिमा सहयोग पुऱ्याउनु ।<br>• महिलाहरुलाई शिक्षक शिक्षामा प्रवेश गर्न र त्यसमा सफलता हाँसिल गराउन सहयोग गर्नु,<br>• आफ्ना बालबालिकाको लागि शिक्षाको महत्त्वको बारेमा बुझ्न अभिभावक एवम् परिवारलाई सहयोग गर्नु । |
| व्यवहारहरू | • शिक्षण सिकाईमा घोक्न लगाउने<br>• परीक्षा केन्द्रित शैक्षिक संस्कार<br>• शिक्षकलाई ज्ञान प्रसारको माध्यम जस्तो मान्नु<br>• कक्षाकोठाको बसाई व्यवस्थापन टेबल/ बेन्चहरु जोडिएका हुने जसले गर्दा विद्यार्थीहरु अन्तरक्रिया र सक्रिय सिकाईमा सम्मिलित हुन नसक्नु ।<br>• अन्तरक्रियात्मक र सहभागितामूलक शिक्षण विधि र क्रियाकलापहरुको अभाव ।<br>• शारीरिक दण्ड वा सजाय ।<br>• धेरैजसो सिकारुहरुले बुझ्न नसक्ने खालको भाषाको प्रयोग ।<br>• शिक्षण सिकाई विधिहरुमा जानेर वा नजानेर हुने लैङ्गिक विभेद ।<br>• विद्यालय वा शिक्षक शिक्षा संस्थाहरुमा अपाङ्गता भएका विद्यार्थीहरुसँग अपेक्षित व्यवहार गर्न नसक्नु वा नचाहनु । | • व्यक्तिगत तथा समूहगत क्रियाकलापहरुको विविधता, एवम् सहभागिमूलक, अन्तरक्रियात्मक, रमाइलो लाग्ने विद्यार्थी केन्द्रित क्रियाकलापहरु जस्तै : चित्र कोर्ने, गीत गाउने, भूमिका खेल्ने आदिको प्रयोग ।<br>• सकारात्मक अनुशासन ।<br>• बहुभाषि शिक्षण ।<br>• विद्यालयमा छात्र र छात्राहरु सँग विभेद रहित समान व्यवहार गर्ने (यस्तै व्यवहार शिक्षक शिक्षा संस्थाहरुमा वयस्क पुरुष र महिलाहरुलाई पनि गर्ने) ।<br>• अपाङ्गता भएका बालबालिका र वयस्कहरुसँग सहयोगीको रुपमा काम गर्ने (साथै उनीहरुलाई संलग्न गराउन यस्तो सीपहरुको विकास गर्ने) |

| अवरोधका प्रकार | उदाहरणहरू | समाधानका उपायहरू |
|---|---|---|
| साधन स्रोतहरू | • कुर्ची, बेन्च, पाठ्पुस्तक आदिको अभाव ।<br>• बालबालिका र वयस्कहरुका लागि आवश्यक पर्ने अन्य सामग्रीहरुको अभाव ।<br>• लैङ्गिक रुपमा संवेदनशील, अपाङ्गता भएका बालबालिका, वयस्क, अल्पसङ्ख्यक भाषिक एवम् जातिय समूहहरुलाई स्थानीय स्तरमा सान्दर्भिक हुने खालका शैक्षिक स्रोत र सामग्रीहरुको अभाव । | • शैक्षिक सामग्रीहरु एवम् फर्निचर किन्नको लागि बढी भन्दा बढी आर्थिक सहयोग ।<br>• स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सान्दर्भिक शैक्षिक सामग्रीको निर्माण । |
| नीतिहरू | • लैङ्गिक सन्तुलनका लागि असहयोगी नीतिहरु ।<br>• सिकारुको मातृभाषाको सट्टा प्रमुख राष्ट्रिय भाषामा पढाउन लगाउने नीतिहरु ।<br>• अपाङ्गता भएका बालबालिका र वयस्क/ प्रौढहरुलाई सहयोगी नहुने खालका नीतिहरु ।<br>• लैङ्गिक संवेदनशीलता, भाषिक रुपमा मनासिब ठहर्ने र स्थानीय रुपमा सान्दर्भिक पाठ्यक्रम र शैक्षिक सामग्रीहरुको विकास गर्नलाई सहयोग गर्ने खालका नीतिहरु । | • लैङ्गिक समानतालाई सक्रिय रुपमा अगाडि बढाउने खालका नीतिहरु ।<br>• बहुभाषि र मातृभाषामा शिक्षण गर्न टेवा पु¥याउने शिक्षक शिक्षा नीतिहरु ।<br>• अपाङ्गता भएका व्यक्तिहरुका लागि विद्यालय र शिक्षक शिक्षा संस्थाहरुमा उनीहरुको पहुँच सहज गराउने नीतिहरु ।<br>• शिक्षकलाई स्थानीय आवश्यकता साथै परिस्थिति अनुसारको पाठ्यक्रम र शैक्षिक सामग्रीहरु प्रयोग गर्न सहयोग पु¥याउने खालका नीतिहरु । |

| अवरोधका प्रकार | उदाहरणहरू | समाधानका उपायहरू |
|---|---|---|
| वातावरण | • अगम्य कक्षाकोठाहरु जस्तै : ठूला ठूला बहुतले विद्यालय भवनहरु जहाँ बालबालिकाहरुलाई तल माथी गर्न गाह्रो हुनु, रेलिङ्गहरु नहुनु, साथै अपाङ्गता भएका व्यक्तिहरुका लागि छुट्टै शौचालयको व्यवस्था नहुनु ।<br>• सफा पिउने पानी र शौचालयको अभाव (बालिकाहरुको लागि छुट्टै शौचालयको व्यवस्थाको अभाव) । | • सबै विद्यालयहरु, शिक्षक शिक्षा संस्थाहरु र कक्षाकोठाहरुमा अपाङ्गता भएका व्यक्तिहरुका लागि पूर्ण रुपमा सहज हुने वातावरण निर्माणमा जोड, (यो कुरा विशाल आर्थिक स्रोतमा मात्र भर पर्नु हुँदैन जस्तै विभागहरु, बाहिरबाट आयात गरिएका महङ्गा सामग्रीको सट्टा स्थानीय रुपमा उपलब्ध सामग्रीहरु प्रयोग गरी बनाउन सकिन्छ ।<br>• सबै विद्यालयहरुमा सफा पानी र शौचालयहरु पुऱ्याउनको लागि स्रोतहरु (पैसा, समय र प्रयास) को सुनिश्चित गर्नु) |

**विधि पैरवी सन्देश -३**

***“विविधतालाई सम्मान गर्ने, यसलाई कमजोरी होइन कि एउटा सामर्थ्यको रुपमा हेरिनु पर्छ ।”***

जब विविधतालाई सम्मान गर्न सकिन्छ, तबमात्र शिक्षक र विद्यार्थीहरुले यसलाई महत्व दिन्छन् र यसबाट डराउन छोड्दछन् । यसले समावेशी सामाजिक सिपहरु जस्तै अर्न्तभाव र सहकार्यको विकास गर्दछ । यसले सबै विद्यार्थीहरुले कक्षाकोठा, विद्यालय वा शिक्षक शिक्षाका संस्थाहरुमा आफ्नै खालको क्षमता र मूल्य मान्यता बोकेका हुन्छन् भन्ने विचारलाई झन सुदृढ गराउँदछ । समावेशी शिक्षाको विचार पद्धतिले शिक्षकहरुलाई आफ्ना विद्यार्थीहरुले शैक्षिक परिवेशमा लिएर आउने क्षमता र अनुभवहरुलाई प्रयोगमा ल्याउने र विकास गर्ने अवसर प्रदान गर्दछ । यसले सिकाई र सामाजिक न्यायलाई प्रवर्धन गर्न सहयोग गर्दछ । जस्तै विभिन्न जातिय तथा भाषिक वातावरणबाट आएका विद्यार्थीहरु बिच विद्यालयहरु र कक्षाकोठामा उनीहरुका संस्कृतिका विभिन्न पक्षहरु (जस्तै : कथाहरु, गीतहरु आदि) मा छलफलको वातावरण सिर्जना गर्न सकिन्छ । यसबाट विद्यार्थीहरु एवम् उनीहरुका शिक्षकहरुको पनि सोचाईमा उदारता आउन सक्दछ ।

# चुनौती-२
# शिक्षण सीप र विधिहरू

## परिस्थितिको विश्लेषण

### विद्यार्थी केन्द्रित नभएको शिक्षण

यो निर्देशिकाले शिक्षणको एक महत्त्वपूर्ण पद्धतिलाई कुरामा जोड दिन खोजेको छ। शिक्षक केन्द्रित शिक्षण विधिहरु समावेशी छैनन् किनकी तिनीहरुले नत विद्यार्थीहरुका विविध आवश्यकताहरुलाई सम्बोधन गर्न सक्दछन् नत तिनीहरुले विद्यार्थीहरुका फरक फरक व्यक्तिगत परिवेश, क्षमता र अनुभवहरुलाई प्रस्फुटन गर्न र विकास गर्न सक्दछन्। शिक्षक केन्द्रित विधिहरुले सिकाईलाई क्रियाशिल प्रक्रियाको रुपमा लिनुको सट्टा बढी यान्त्रिक र पूर्वनिर्धारित प्रक्रियाको रुपमा लिन्छन्। यस्तैगरी शिक्षक केन्द्रित विधिले विद्यार्थीहरुलाई सक्रिय रहेर ज्ञानको सिर्जना गर्न सक्ने व्यक्तिहरुको रुपमा भन्दा निष्क्रिय रहेर ज्ञान प्राप्त गर्ने व्यक्तिहरुको रुपमा लिन्छन्।[४]

### अन्तरक्रियात्मक र विभिन्न प्रकारका शिक्षण सिकाई पद्धतिको कमि

माथिका बुँदाहरुबाट यो स्पष्ट हुन्छ कि धेरैजसो विधिगत समस्याहरुको कारण शिक्षण सिकाइ सुस्त, केही व्यक्तिहरुको लागि पहुँचभन्दा टाढा र सामान्यतः असमावेशी हुन पुगेको छ। यस्ता विधिगत समस्याहरुमाः

- शिक्षण पद्धतिहरुमा विविधताको कमी,
- घोकन्ते सिकाइमा (सुगा रटाइमा) निर्भरता (जसमा शिक्षकले प्रवचन विधिबाट विद्यार्थीहरुलाई ज्ञान प्रदान गर्ने र विद्यार्थीहरुले उक्त ज्ञानलाई पुनरावृति गर्न लगाउछन्) र
- विद्यार्थीहरु बिचको अन्तरक्रियात्मक सिकाईलाई प्रवर्धन गर्न आवश्यक पर्ने वैयक्तिक शिक्षण र समूह कार्य बिच सन्तुलनको अभाव।

यी माथिका कुरा शिक्षण सिकाइको विषयवस्तुको प्रस्तुतिको तरिकासँग मात्र नभएर कक्षाकोठाको व्यवस्थापनसँग पनि सम्बन्धित छन्। यदि विद्यार्थीहरुलाई स्थायी रुपमा जोडिएका डेस्क/बेन्चहरुमा बस्न लगाईन्छ र शिक्षकहरु कक्षाकोठाको अगाडि मात्र उभिरहन्छन् भने त्यसमा समावेशी शिक्षण हुन सक्दैन। यस्तो शिक्षक केन्द्रित विधि यो क्षेत्रका धेरैजसो कक्षाकोठामा प्रयोगमा रहेको छ। त्यसैले सबभन्दा पहिले त सहभागितामूलक र समावेशी सिकाई प्रवर्धनको लागि यो मान्यतामा परिवर्तन हुनुपर्दछ।

---

[४] फ्रेरे, पि. १९९६. पेडागोजी अफ द अप्रेस्ट. लन्डन. पेन्गुयिन, पृ. ५३।

## "भियतनामको एउटा उदाहरण"

**'नयाँ विद्यालय' नमुना**[५]

समावेशी शिक्षाको लागि राष्ट्रिय स्तरमा विकास गर्दै आएको आएको एउटा 'नयाँ विद्यालय' नमुनाको आधारमा सिकाउन विद्यार्थी शिक्षकहरुलाई प्रशिक्षण दिइएको छ । यो 'नयाँ विद्यालय' नमुनाका निम्न लिखित विशेषताहरु छन् :

- विद्यार्थीहरुलाई छलफलको लागि साना समूहहरुमा विभाजन गर्दछ ।
- विद्यार्थीहरुलाई उनीहरुको आफ्नै गतिमा अध्ययन गर्न छुट दिन्छ ।
- कक्षाकोठामा विषयगत सिकाई कुनाहरु (Subject- based Learning Corners) को स्थापना गर्दछ (जस्तै गणित सिकाई कुना) ।
- शिक्षणमा विद्यार्थी पृष्ठपोषणलाई समर्थन गर्दछ -म्याजिक बक्स (Magic box) प्रयोग गरिन्छ जसमा विद्यार्थीहरुले आफ्ना प्रतिकृयाहरु राखेर शिक्षकलाई हस्तान्तरण गर्न सक्दछन् ।
- बहुकक्षा शिक्षणको सम्भावनालाई टेवा दिन्छ (२ वा ३ वटा कक्षाहरुलाई सँगसँगै शिक्षण गर्न सकिन्छ) ।
- शिक्षक अभिभावक संघहरुको माध्यमबाट अभिभावकहरुको उपस्थितिलाई प्रोत्साहन गर्दछ ।
- समुदायको सहभागितालाई बढवा दिन्छ । र
- शिक्षकहरुलाई (१) शिक्षक निर्देशिका, (२) पाठ्यपुस्तकहरु र (३) विद्यार्थी अभ्यास पुस्तिकाहरु (विषयगत) प्रयोग गरेर शिक्षण गर्न सहयोग पुऱ्याउँछ ।

शिक्षण सिकाइसँग सम्बन्धित यस पद्धतिले पूर्व-सेवाकालीन एवम् सेवाकालीन शिक्षक शिक्षा कार्यक्रममा समावेशी शिक्षण विधि प्रयोग गर्नको लागि विशेष सहयोगको अपेक्षा गर्दछ ।

## केही विद्यार्थीहरुका लागि मात्र उपयुक्त शिक्षण विधिहरु

केही शिक्षण विधिहरु (जस्तै : शिक्षक केन्द्रित, प्रवचनमा आधारित आदि) सक्षम र द्रुतगतिमा सिक्ने विद्यार्थीहरुका लागि मात्र उचित हुन्छन् । यिनीहरु भाषिक रुपमा कमजोर र सुस्त सिकाई भएका विद्यार्थीहरुका लागि उपयुक्त हुँदैनन् । यदि कुनै विद्यार्थीमा सुन्ने र सम्झने समस्या छ भने शिक्षकले प्रवचन र कण्ठस्थ गराउने विधिहरु प्रयोग गरेर पढाउँदा उनीहरुलाई सिकाइबाट वञ्चित गराउन सक्ने खतरा हुन्छ । तथापि कुनै एउटा निश्चित शिक्षण विधि वा कक्षाकोठा व्यवस्थापन सधैं उत्कृष्ट र प्रभावकारी नहुन सक्दछ । विद्यार्थीहरुका विविध सिकाई आवश्यकता र क्षमताहरु हुने हुनाले कुनै अर्को विधिलाई बञ्चित गराउने गरी आएका कुनै पनि विधिहरुले सिकाई अनुभवहरुको गुणस्तरलाई घटाउने खतरा हुन्छ (जस्तै : घोक्ने र प्रतिक्रिया दिने वा समूहकार्य मात्र गर्ने गराउने विधिहरु) ।

स्थानीय समुदाय र कक्षाकोठाको वातावरणसँग मेलखाने खालका नयाँ पाठ्यक्रम र पाठ्य सामाग्रीहरु निर्माण गर्न शिक्षकहरुलाई प्रोत्साहन नगर्ने शिक्षण विधिहरु

---

[५] युनेस्को, २०१२. विशेषज्ञहरुको क्षेत्रीय वैठक प्रतिवेदन : गुणस्तरिय शिक्षक शिक्षाको माध्यमबाट एसिया प्रशान्त क्षेत्रमा समावेशी शिक्षा. बैङ्कक, युनेस्को, पृ. ३२-३३ ।

स्थानिय परिस्थितिमा सान्दर्भिक हुने पाठ्यक्रम र सामाग्रीहरु विकास गरी परिवेश अनुसार शिक्षण गर्ने सिप र आत्मबल शिक्षकहरुमा नहुनु नै समावेशी शिक्षाको मुख्य समस्या हो । धेरैजसो देशहरुमा विद्यालयको पाठ्यक्रम राष्ट्रिय रुपमा केन्द्रमा निर्माण गरिन्छ र शिक्षकहरुलाई त्यसको कार्यान्वयनमा मात्र लगाइन्छ । केही देशहरुमा स्थानीय पाठ्यक्रम निर्माणको लागि विषयवस्तु चयन गर्न विद्यालयलाई नै अनुमति दिइएको हुन्छन् । केन्द्रिकृत वा विकेन्द्रित जुनसुकै प्रक्रिया अपनाइए तापनि शिक्षकले स्थानीय रुपमा विद्यार्थी, परिवार र समुदायलाई उचित हुने गरी पाठ्यक्रमको कार्यान्वयन गर्ने भूमिका खेल्नु पर्दछ । स्थानीय सामुदायिक परिवेश र कक्षाकोठाको वातावरण बिचमा केही समानता भए तापनि यिनीहरु आफैमा फरक फरक विषयहरु हुन् ।

- समुदायसँग सम्बन्धित स्थानीय पाठ्यक्रम र शैक्षिक सामग्रीहरुले स्थानीय संस्कृति र घटनाक्रमहरुलाई सम्बोधन गर्दछन् (जस्तै : स्थानीय ज्ञान, सामाजिक-आर्थिक अवस्था, ग्रामीण वा शहरी जीवन, आदि)।
- कक्षाकोठासँग सम्बन्धित स्थानीय पाठ्यक्रम र सामग्रीहरुले विद्यार्थी-विशेष आवश्यकताहरुलाई सम्बोधन गर्दछन्।

शैक्षिक सामाग्रीहरु र पाठ्यक्रमहरुको कार्यान्वयन र विकासको क्षेत्रमा विद्यार्थीहरुको सिर्जनात्मक क्षमतालाई प्रोत्साहन नगर्ने शिक्षक शिक्षा संस्थाहरुले उत्पादन गर्ने शिक्षकहरुमा विद्यार्थीहरु र तिनीहरुको विद्यालयको परिवेशप्रति गर्ने व्यवहारमा कम लचकता हुन सक्दछ। त्यस्ता शिक्षकहरुमा स्वतन्त्र पेसागत आत्मवलको कमी हुने साथै उनीहरु चलिरहेको पाठ्यक्रममा मात्र भर पर्ने हुन्छन्। मुख्यगरी यो समस्या सीमित वा एकदमै निम्न शिक्षण सिकाई सामाग्रीहरु भएका विद्यालयहरुमा लामो समयसम्म काम गरेका शिक्षकहरुमा पनि देखिन्छ। शिक्षकहरुले उच्च गुणस्तरिय पाठ्यक्रम र सामग्रीहरुलाई पनि उनीहरुको समुदाय, विद्यालय र कक्षाकोठा अनुसार अनुकूलन गर्न सकेमा झन प्रभावकारी हुन पुग्दछन्।

## सान्दर्भिक निर्माणात्मक[६] निरन्तर र विश्वासनिय मूल्याङ्कनको कमि

कुनै निदिष्ट लक्ष्यहरु नभएको र सिकाई उद्देश्य अनुरुप नभएको निर्देशित मूल्याङ्कनले विद्यालय र कक्षाकोठामा हुने सिकाईको गतिशीलता र प्रक्रियालाई समेट्न सक्दैन। यसले कक्षाकोठामा भईरहेको सिकाईको आंशिक दृष्टात मात्र दिन सक्दछ। शिक्षक र विद्यार्थीहरुले राम्रोसँग नबुझिकन 'माथिल्लो निकायबाट' गरिने मूल्याङ्कन अनुपयुक्त र त्रुटिपूर्ण रुपले प्रयोग हुन सक्ने हुन्छ।

सिकाईको मूल्याङ्कन महत्त्वपूर्ण हुन्छ तापनि सिकाईका लागि निर्माणात्मक मूल्याङ्कनको अभाव समावेशी शिक्षाका लागि लाभदायक हुन सक्दैन । शिक्षक शिक्षा संस्थाहरुले आफ्ना विद्यार्थीहरुलाई निरन्तर निर्माणात्मक मूल्याङ्कनको बारेमा बुझ्न र प्रयोग गर्न सिकाएनन् भने उनीहरुलाई शिक्षक भइसकेपछि आफ्ना विद्यार्थीहरुको सिकाई लेखाजोखा गरी तदअनुरुप सहयोग गर्न गाह्रो हुन्छ। निरन्तर मूल्याङ्कनले कुनै निश्चित अवधि वा वर्षको अन्त्यमा एक पटक मात्र लिइने परीक्षा नभई विद्यार्थीहरुको सिकाई

[६] स्याउलरका अनुसार निर्माणात्मक आकलन "....सिकाइलाई सुधार गर्न एवम् गति प्रदान गर्न मुख्यतः विद्यार्थीहरुको कार्या सम्पादनमा पृष्ठपोषण प्रदान गर्ने हेतुले सञ्चालन गरिने आकलन हो।" यसको लागि : स्याउलर, डि.आर. १९९८. निमार्णात्मक आकलन : यसको पनरावलोकन. शिक्षामा आकलन ५ (१). पृ. ७७।

प्रक्रियाको सम्पूर्ण लेखाजोखा हुने गरी निरन्तर चलिरहने मूल्याङ्कन प्रक्रियालाई बुझाउँछ। एसिया प्रशान्त क्षेत्रमा विद्यार्थीहरुका सिकाई उपलब्धिहरु मापन गर्न राष्ट्रिय स्तरका परिक्षाहरुमा भर पर्ने गरेको पाइन्छ त्यसले सिकाई र समावेशी शिक्षाको अभिवृद्धि गर्न भने टेवा पुऱ्याउँदैन।

विद्यार्थीहरुको उपलब्धिमा केन्द्रित रहेर उनीहरुको उपलब्धिको अङ्कन एवम् स्तर निर्धारण गरिने औपचारिक निर्णयात्मक मूल्याङ्कनहरु उत्तिकै महत्त्वपूर्ण पक्ष हुन् तर यिनीहरु बढी संकुचित र निर्देशित हुने खतरा हुन्छ । यिनीहरुलाई मूल्याङ्कनको एउटा मात्र तरिकाको रुपमा लिइने र केही निश्चित प्रकारका सिकाई र सिकारुको लागि मात्र उपयोगी हुन्छन् । कुनै निश्चित अवधिमा मापनको एकमात्र साधनको रुपमा लिइने निर्णयात्मक मूल्याङ्कनहरु नियमित रुपमा गरिने अन्य निरन्तर मूल्याङ्कन विधिको दाँजोमा कम ग्राह्य हुन्छन् । किनकि निरन्तर मूल्याङ्कनले विद्यार्थीहरुको दैनिक सिकाईलाई नजिकबाट हेरिएको हुन्छ ।

विद्यार्थीहरुको सक्रिय र अर्थपूर्ण सिकाईको लेखाजोखा नगर्ने अप्रमाणिक मूल्याङ्कन प्रक्रियाले उनीहरुको आत्मबल र चेतना वृद्धि गर्ने अवसरलाई कुण्ठित गर्दछ।

आफ्ना विद्यार्थीहरुलाई औपचारिक निर्णयात्मक मूल्याङ्कनमा मात्र लगाउने शिक्षक शिक्षा संस्थाहरुले उत्पादन गरेका शिक्षकहरुमा विविध सिकाई आवश्यकता भएका विद्यार्थीहरुको प्रगति मूल्याङ्कन गर्ने क्षमताको कमी हुन्छ।

शिक्षक शिक्षा संस्थाहरुमा निरन्तर निर्माणात्मक मूल्याङ्कन प्रक्रियाको प्रयोग नहुनु नै एउटा समस्या हो र यसले त्यस्ता संस्थाहरुमा हुनु पर्ने समावेशीतामा अवरोध पुऱ्याउँछ।

## विद्यार्थीहरुका लागि वैयक्तिक सिकाइ विधिहरु प्रयोग गर्ने अनुभवको अभाव

उच्च गुणस्तरीय मूल्याङ्कन शिक्षकले विद्यार्थीहरुको वैयक्तिक क्षमता, आवश्यकता र परिवेशहरु बुझ्न सक्ने सक्षमतामा भर पर्दछ। वैयक्तिक सिकाइ योजनाहरु प्रयोग गर्ने ज्ञान र अनुभवको कमी भएका विद्यार्थी शिक्षकहरुलाई वास्तविक शिक्षकको रुपमा काम गर्न सुरु गर्दा आफ्ना विद्यार्थीहरुको आवश्यकता र प्रगति बुझ्न गाह्रो पर्न सक्छ । वैयक्तिक सिकाई योजनाहरुमा वैयक्तिक परिवार सेवा योजनाहरु, वैयक्तिक शैक्षिक कार्यक्रमहरु, वैयक्तिक संक्रमण योजनाहरु/समकक्षता कार्यक्रमहरु पर्दछन्।

यो पैरवी सुरु गर्नु भन्दा पहिला तपाईहरुलाई आफ्नो परिस्थितिको विश्लेषण गर्न सहयोग पुऱ्याउने प्रश्नहरु :

- के तपाईको शिक्षक शिक्षा सञ्चालन गर्ने संस्थाहरुले छात्र शिक्षकहरुलाई विद्यार्थी केन्द्रित सिकाइ र शिक्षण सिकाइको वैयक्तिकरण बुझ्न र प्रयोग गर्न सिकाउँदछन् ?
- के शिक्षक शिक्षा संस्थाहरुले औपचारिक निर्णयात्मक मूल्याङ्कनको साथसाथै निरन्तर निर्माणात्मक र प्रामाणिक मूल्याङ्कनहरु पनि अवलम्बन गर्दछन् ?
- के विद्यार्थी शिक्षकहरुलाई विद्यार्थीका विविध आवश्यकता र क्षमताहरु (जस्तै, ज्ञानेन्द्रिय क्षमताहरु : दृश्य, स्रव्य, गति आदि; विद्यार्थीको चिन्तन र चेतना, स्मृति, समूहकार्य आदि) लाई उपयोगी हुने गरी शिक्षण गर्ने विभिन्न शिक्षण विधिहरु र तिनीहरुको प्रयोग गर्ने विविध पद्धतिहरुसँग परिचित गराइन्छ ?
- के विद्यार्थी केन्द्रित शिक्षण विधिहरु तपाईको शिक्षक शिक्षा संस्थाहरुमा वास्तविक रुपमा हुने शिक्षणसँग मिल्ने गरी अनुशरण गरिएको छ ?

- के छात्र शिक्षकहरु र शिक्षक प्रशिक्षकहरुलाई विद्यार्थीहरुका समुदाय र कक्षाकोठाको परिवेशसँग मिल्ने गरी स्थानीय रुपमा सान्दर्भिक पाठ्यक्रम र सामग्रीहरु विकास गर्न सक्षम बनाइन्छ ?
- के शिक्षा मन्त्रालयले शिक्षक शिक्षा र विद्यालय शिक्षामा विद्यार्थी केन्द्रित शिक्षण र निरन्तर निर्माणात्मक मूल्याङ्कन सञ्चालन गर्न जोड दिने नीतिको विकास र कार्यान्वयन गर्दछ ?

## पैरवी लक्ष्यहरु

### विधि पैरवी सन्देश ४

"विद्यार्थीहरुका आवश्यकतासँग मिल्ने विद्यार्थी केन्द्रित, सहभागितामूलक शिक्षण विधिहरु प्रयोग गर्नका लागि विद्यार्थी शिक्षकहरुलाई तालिमको आवश्यकता पर्दछ। धेरैजसो विद्यार्थी शिक्षकहरुलाई यस्ता विधिहरुको न्यून वा शून्य अनुभव छ। उनीहरुलाई यी विधिहरु बुझ्न र प्रभावकारी रुपमा प्रयोग गर्न ठूलो सहयोग चाहिन्छ।"

विद्यार्थी केन्द्रित शिक्षण विधि शिक्षकको दक्ष शिक्षण सिपहरुमा भर पर्दछ भन्ने कुरा शिक्षक शिक्षा संस्थाहरुले बुझ्नु पर्दछ । दक्ष शिक्षण सिप भन्नाले अवलोकन गर्न सक्ने सिपहरु, सचेत रहने, कक्षाकोठामा सहजता गर्न सक्ने क्षमता आदिलाई बुझिन्छ । यी विधिहरु प्रयोग गर्नका लागि कक्षाकोठामा शिक्षक र विद्यार्थीहरु बिच शक्ति र क्रियाकलापको बाँडफाँड गर्ने संस्कारको विकास हुनु पर्दछ । विद्यार्थी केन्द्रित शिक्षण विधिहरु कार्यान्वयन गर्न सहज जस्तो देखिन्छन् तर यिनीहरुलाई बुझ्न र प्रभावकारी रुपमा प्रयोग गर्न विद्यार्थी शिक्षकहरुलाई उनीहरुको शिक्षक शिक्षा संस्थाहरुमा नै पूर्ण सहयोग प्राप्त हुनु पर्दछ । शिक्षकहरुको अभ्यास शिक्षण ९उचबअतष्अगm० को बेलामा नै विद्यार्थीहरुको क्षमता र आवश्यकता पहिचान गर्ने, एवम् विद्यार्थीहरुसँग विश्वासको वातावरण सिर्जना गर्ने जस्ता क्षमताको विकास गराउनु पर्दछ । यसरी गुणस्तरीय विद्यार्थी केन्द्रित शिक्षणको अभ्यास हुन सक्दछ । धेरैजसो छात्र शिक्षकहरुमा विद्यार्थी केन्द्रित शिक्षणको एकदमै न्यून वा शून्य अनुभव हुने हुनाले उनीहरुलाई विद्यार्थी केन्द्रित शिक्षणको बारेमा बुझाउन र सोहि अनुसार शिक्षण गर्न सक्ने बनाउन अपेक्षा गरेभन्दा बढी समय लाग्न सक्दछ ।

विद्यार्थी केन्द्रित शिक्षण गर्न सक्ने शिक्षकहरु तयार गर्न शिक्षक शिक्षा संस्थाहरुले पनि विद्यार्थी केन्द्रित शिक्षण विधिहरु प्रयोग गर्नु पर्दछ। जसले गर्दा पूर्व सेवाकालिन शिक्षक शिक्षामा पनि समावेशिताको प्रवर्धन गर्न सकिन्छ। यसले विद्यार्थी केन्द्रित एवम् समावेशी विधिहरुलाई अनुशरण गर्न सहयोग गर्दछ र अन्त्यमा आजका छात्र शिक्षकहरु भोलि शिक्षक भइसके पछि आफ्नो कक्षाकोठामा सोहिअनुसार शिक्षण गर्न सक्दछन्।

यसको अतिरिक्त विद्यार्थी केन्द्रित समावेशी शिक्षणले निम्न पक्षहरुलाई समेट्दछ :

- शिक्षकहरुले ज्ञानको प्रसारकको भूमिका भन्दा सिकाईमा सहजकर्ताको भूमिका खेल्दछन्। जसमा शिक्षकले समूहहरुमा सहजता गराउँदछन् र विद्यार्थीहरु आफ्ना साथीहरुसँग एक आपसमा अन्तरक्रिया गरेर सिक्दछन्।
- शिक्षकहरुले आफ्ना विद्यार्थीहरुको विविध आवश्यकतालाई ध्यानमा राखी कक्षाकोठा व्यवस्थापन र शिक्षण विधिहरुमा विविधता ल्याउन सक्दछन् । त्यस्ता विधिहरु विद्यार्थीहरुका लागि बढी रोचक एवम् विद्यार्थी सहभागितालाई सक्रिय बनाउन सक्ने हुन्छन्। जसले गर्दा व्यक्तिगत र समूहगत कार्यमा तालमेल सिर्जना हुन सक्दछ।

- शिक्षकहरुमा वैयक्तिक शिक्षण गर्न सक्ने क्षमताको विकास हुनुका साथै विद्यार्थीहरुको पनि सचेतना (Self-awareness र स्वनियमन (Self-regluation) क्षमताको विकास हुन्छ ।

विद्यार्थी केन्द्रित शिक्षण विधिको तुलनामा शिक्षक केन्द्रित शिक्षण विधिहरु प्रयोग गर्दा थोरै सीप र तयारीको आवश्यकता पर्दछ । मुख्य गरी यो विधि शिक्षकले कक्षाकोठामा गर्ने नियन्त्रण, निर्देशित शिक्षण र विद्यार्थीलाई नियन्त्रण तथा सिकाइप्रति अभिप्रेरित गर्न शिक्षकले देखाउने डर र सजायमा भर पर्दछ । विद्यार्थी केन्द्रित शिक्षण विधिमा सबै विद्यार्थीलाई समावेश गरी उनीहरुको क्षमताको विकास गर्न सहयोग गर्ने गरी कक्षाकोठाको नियन्त्रणको जिम्मेवारी शिक्षक र विद्यार्थी दुबैले वहन गर्दछन् । यस्ता विधिहरुले अन्ततः प्रभावकारी कक्षाकोठा व्यवस्थापन गर्न सहजता सिर्जना गर्दछन् ।

कक्षाकोठाको व्यवस्थापनमा सकारात्मक अनुशासन (Positive Discipline) र परिपुरक विधि (Complementary Approaches) प्रयोग गर्दा सामान्यतः समावेशीता र विशेषतः विद्यार्थी केन्द्रित शिक्षणमा टेवा पुग्ने हुन्छ तर त्यस्ता विधिहरु छिटो र सहज रुपमा कार्यान्वयन गर्न सकिदैन । यिनीहरुलाई प्रयोग गर्न बढी समय र मेहनत लाग्ने हुन्छ किनकि शिक्षक सहकर्मी, विद्यालयका कर्मचारी, अभिभावक, विद्यालय, समुदाय एवम् विद्यार्थी आफै पनि विद्यार्थी केन्द्रित शिक्षण विधिहरुप्रति परिचित नहुन सक्दछन् ।

**विधि पैरवी सन्देश ५**

***"समावेशी शिक्षण विधिहरु हुनको लागि अपाङ्गता भएका बालबालिकाहरुको सिकाईमा सहयोग गर्ने, लैङ्गिक समानताको प्रवर्धनका साथै बहुकक्षा र बहुभाषी शिक्षण गर्ने जस्ता समावेशी क्रियाकलापहरुको प्रयोग गर्न सिकाउने तालिमको आवश्यकता पर्दछ ।"***

समावेशी शिक्षण विधिले शिक्षकमा विद्यार्थीको क्षमता र आवश्यकतालाई बुझ्नसक्ने उच्च क्षमताका साथसाथै कक्षाकोठामा सबै विद्यार्थीहरुलाई सहयोग गर्न सक्ने सिप र आत्मविश्वास हुनु जरुरी हुन्छ ।

यस सन्दर्भमा विशेष मुद्दाहरु निम्नानुसार छन् :

लिङ्ग : लैङ्गिक समानताको विकास गर्न शिक्षकहरु लैङ्गिक असन्तुलनप्रति संवेदनशील हुने र त्यस्ता कुराहरुलाई सम्बोधन गर्न सक्ने हुनु पर्दछ ।

भाषा : राष्ट्रिय भाषाभन्दा फरक मातृभाषा भएका विद्यार्थीहरुका लागि मातृभाषामा वा बहुभाषामा शिक्षण गर्न सक्ने विशेष क्षमता भएका शिक्षकहरुको आवश्यकता पर्दछ । यस्ता शिक्षकहरुले विद्यार्थीहरुलाई मातृभाषामा पढाउने र मातृभाषालाई प्रयोग गरेर राष्ट्रिय भाषा सिकाउने काम गर्नु पर्ने हुन्छ ।

मिश्रित उमेर र तहहरु : फरक फरक उमेर समूह र सिकाई स्तरका विद्यार्थीहरु भएको कक्षाकोठामा शिक्षण गर्ने शिक्षकहरुमा वहुकक्षा शिक्षण गर्ने सीप हुनु पर्दछ

अपाङ्गता : अपाङ्गता भएका विद्यार्थीहरुका लागि उनीहरुको पहिचान गर्ने, उपचारका लागि सिफारिस

गर्ने, सहयोग गर्ने साथै विशेष खालका पाठहरुको निर्माण गर्ने जस्ता धेरै सीपहरुमा दक्षता भएका शिक्षकहरुको आवश्यकता पर्दछ ।

**विधि पैरवी सन्देश ६**

***"स्थानीय समुदाय र कक्षाकोठाको वातावरणमा उपयुक्त हुने पाठ्यक्रम र सामग्रीहरुको अनुकुलन एवम् निर्माण गर्ने क्षमताको विकास गर्न विद्यार्थी शिक्षकहरुलाई शसक्तीकरण र तालिमको आवश्यकता पर्दछ ।"***

पूर्व सेवाकालिन शिक्षक शिक्षा कार्यक्रमहरुले सम्भावित शिक्षकहरुमा समावेशी शिक्षण दक्षताको विकास गर्नु पर्दछ । समावेशी शिक्षा शिक्षण विधिको एउटा महत्वपूर्ण पक्ष भनेको विद्यार्थी शिक्षकहरुमा स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीहरुको निर्माण र अनुकुलन गर्न सक्ने क्षमताको विकास गर्नु हो । यस्ता पाठ्यक्रम र पाठ्यसामग्रीहरु निर्माण र प्रयोग गर्न विद्यार्थी शिक्षकहरु शिक्षक भए पछि बढी लचक, वहुल शिक्षण विधि, सिकाइ र मूल्याङकन विधि प्रयोग गर्नु पर्ने परिस्थितिमा त्यस्ता पाठ्यक्रम र सामग्रीहरुको राम्रो कार्यान्वयन गर्न सक्दछन् ।

जब शिक्षकहरुको यो क्षेत्रमा सीप र आत्मवल हुन्छ, तब उनीहरुले चलिरहेको पाठ्यक्रम र सामग्रीहरुलाई पनि आफ्नो स्थानीय परिस्थिति र विद्यार्थीहरुको आवश्यकता र क्षमताका आधारमा अनुकुल हुने गरी निर्माण र प्रयोग गर्न सक्दछन् । एकातिर यसले विद्यार्थी शिक्षकहरुलाई पूर्ण शिक्षक भइसकेपछि विद्यमान पाठ्यक्रम र सामग्रीहरुलाई विद्यार्थीहरुको आवश्यकता अनुसार विशिष्ट तरिकाले प्रयोग गर्न सक्ने बनाउनु पर्ने हुन्छ (जस्तै : शिक्षण सिकाई सामग्रीहरु अपाङ्गता भएका विद्यार्थीहरुको पहुँचमा हुने गरी निर्माण गर्ने) भने अर्को तर्फ विद्यार्थी शिक्षकहरुमा स्थानीय समुदायमा पाइने स्रोत सामग्रीहरु (जस्तै : कथावाचन, प्रकृतिसम्बन्धी स्थानीय ज्ञान, स्थानीय चाडपर्व र समारोहहरु, आदि) प्रयोग गरी सिकाईलाई प्रासङ्गिक र सान्दर्भिक बनाउन सक्ने क्षमताको विकास गराउनु पर्ने हुन्छ ।

यस्ता क्षमताहरुको विकास गर्नु पर्ने आवश्यकता विद्यार्थी शिक्षक वा नव प्रवेशी शिक्षकहरुलाई भए जस्तै विद्यालयहरुमा लामो समयसम्म काम गरेका अनुभवी शिक्षकहरुलाई पनि उतिकै आवश्यक छ ।

अन्ततः यस्ता प्रक्रियाहरुको विकास शिक्षकहरुका पेशागत संजाल र समुदायहरु निर्माण गरेर गर्न सकिन्छ । यसो भएमा उनीहरु आफ्ना ज्ञान सीपहरु आदान प्रदान गर्नुका साथै संयुक्त रुपमा पाठ्यक्रम विकास गर्दछन् र यसलाई अझ सुदृढ पार्दछन् । यस्ता संजालहरु विभिन्न विद्यालयहरु र शिक्षक शिक्षा संस्थाहरु बिचमा स्थापना र सञ्चालन गर्न सकिन्छ ।

शिक्षकहरुलाई पाठ्यक्रम र पाठ्यसामग्रीहरु निर्माणकर्ता र स्थानीय परिवेशअनुसार उक्त पाठ्यक्रमलाई अनुकुल हुन सक्ने बनाउनका लागि शिक्षक शिक्षा संस्थाहरु र शिक्षा मन्त्रालयहरुको तर्फबाट ठूलो नैतिक र प्राविधिक सहयोगको आवश्यकता पर्दछ । यदि शिक्षकहरुमा विद्यमान पाठ्यक्रम र सामग्रीहरु (जस्तैः पाठ्यपुस्तक र शिक्षक निर्देशिका) जस्ताको तस्तै प्रयोग गर्नु पर्छ भन्ने महशुस भयो भने उनीहरुले स्थानीय परिवेश र विद्यार्थीहरुको आवश्यकतालाई ध्यान दिई लचक भएर उक्त सामाग्रीहरुको अनुकुलन र प्रयोग गर्न सक्दैनन् ।

यसैगरी शिक्षक प्रशिक्षकहरु (Teacher Educators) पनि आफ्नो शिक्षण शिक्षा संस्थाहरुमा स्थानीय

परिवेश र विद्यार्थी शिक्षकहरुको आवश्यकता र क्षमतासँग मिल्ने गरी पाठ्यक्रम र पाठ्यसामग्रीहरुको विकास एवम् अनुकुलन गर्नलाई उत्साहित हुनुपर्दछ । शिक्षकहरुको पेसागत विकासको लागि पाठ्यक्रम र पाठ्यसामग्री निर्माणमा सीप र दक्षता हुनु आवश्यक छ । यो पूर्व-सेवाकालीन एवम् सेवाकालीन शिक्षक शिक्षामा उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

## मलेशियाको एक उदाहरण

### शिक्षकहरूद्वारा शिक्षण स्रोत सामग्री निर्माणका लागि आयोजित कार्यशालाहरू[७]

पूर्वी मलेशियामा एउटा सहयोग आयोजना (ःभलतयचष्लन एचयवभअत)ले प्राथमिक तहका शिक्षकहरुलाई कक्षाकोठाका लागि शैक्षिक सामग्रीहरु निर्माण गर्ने क्षमताको विकासमा सहयोग गर्दै आएको छ। यो तत्कालीन पाठ्यक्रम परिवर्तन अभियानको एउटा पूरक प्रक्रिया हो । यो प्रक्रियामा सहयोग गर्ने एउटा विधि स्थानीय शिक्षकहरु मिलेर शैक्षिक सामग्री बनाउने कार्यशालाहरु निरन्तर सञ्चालन गर्नु हो । यसमा विद्यार्थी मैत्री सामग्रीहरु जस्तैः खेलौना, लघु कविता सङ्ग्रह, मुकुण्डो, पहिरन, खेलहरु, गीत सङ्गीत, आदिको निर्माण गरिएको छ । शिक्षकहरुले विद्यमान पाठ्यक्रमसँग सम्बन्धित हुने गरी आफ्नै खालका स्रोत सामग्री निर्माण गर्ने क्षमता विकासमा जोड दिइएको छ । यो कार्यक्रमबाट शिक्षकहरुको सिर्जनात्मक क्षमता, सहकार्य गर्ने क्षमताको विकासका साथै उनीहरुलाई स्थानीय परिवेश सुहाउँदो शिक्षण सिकाइ सामग्रीहरु निर्माण र आदान प्रदान गर्ने कार्यमा हौसला मिलेको छ । यो कार्यशालामा सेवाकालिन प्राथमिक शिक्षकहरुलाई मुख्य रुपमा संलग्न गराउन खोजिएको थियो तापनि विद्यालय  व्यवस्थापन र जिल्ला शिक्षा कार्यालयका अधिकारीहरु एवम् अभिभावकहरुको उल्लेख्य सहभागिता थियो । यस्ता कार्यशालाहरु पूर्व सेवाकालिन शिक्षक प्रशिक्षकहरु तथा विद्यार्थी शिक्षकहरु सहभागी गराउने गरी सञ्चालन गर्न सकिने ठूलो संभावना रहेको छ ।

यस्ता कार्यशालाहरुको प्रकृया र उपस्थितिप्रति प्रतिक्रिया दिंदै सारावाक, मेलेसियाका एक जिल्ला शिक्षा अधिकारीले भने :

“कार्यशालाहरु धेरै उपयोगी छन् र शिक्षकहरुले पनि यहाँ भएको विचार विमर्ष मन पराएका छन् । मेरो जिल्लामा भएको एउटा कार्यशालामा पन्ध्रवटा विद्यालयका शिक्षकहरु जम्मा भएका थिए र उनीहरुले शिक्षण सिकाई स्रोत सामग्रीहरु निर्माणका नयाँ नयाँ तरिकाहरु सिकेका थिए । यदि तपाई अरु कुनै अर्को कार्यशालामा भाग लिनुभयो भने त्यहाँ पाठयोजना बनाउन मात्र सिकाइन्छ तर यस्ता खालका कार्यशालामा देखेर र गरेर सिकिन्छ । यसमा सहभागीहरु बोल्ने र सुन्ने  वा बसिरहने नभइ कन कसरी गर्ने वा बनाउने भनेर लागिरहेका हुन्छन् साथै अन्य विद्यालयहरुसँग पनि छलफल गरिरहेका हुन्छन् ।”

### विधि पैरवी सन्देश ७

***“विद्यार्थी शिक्षकहरुलाई समावेशी मूल्याङ्कन अभ्यासहरु बुझ्न र प्रयोग गर्न तालिमको आवश्यकता पर्दछ । यस्ता अभ्यासहरुमा निर्माणात्मक, निरन्तर, प्रामाणिक साथै निर्णयात्मक मूल्याङ्कनहरु पर्दछन् । शिक्षक शिक्षा संस्थाहरुले पनि आफ्ना सिकाई मूल्याङ्कन गर्ने कार्यमा यस्तै किसिमका विधिहरु प्रयोग गर्न आवश्यक छ ।”***

शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थीहरुलाई निरन्तर निर्माणात्मक र प्रामाणिक मूल्याङ्कनका साथै निर्णयात्मक

[७] कप्लान, आई. २०१२. अङ्ग्रेजी भाषाका शिक्षक विकास परियोजना, मलेशिया : परियोजनाको मध्यावधि मूल्याङ्कन प्रतिवेदन. क्वालालाम्पुर. ब्रिटिस काउन्सील. पृ. २९ ।

[८] विलियम, डि. २००६. निर्माणात्मक आकलन : Getting the focus right. शैक्षिक आकलन. टेलर र फ्रान्सीस. ११ (३-४), पृ. २८३-२८९ ।

मूल्याङ्कनमा पनि लाग्न जोड दिनुपर्दछ ।

निर्माणात्मक मूल्याङ्कन गुणात्मक पृष्ठपोषणको सँगसँगै परिमाणात्मक उपायहरुमा निर्भर हुन्छ। यसले सिकाईका विभिन्न प्रमाणहरुमा जोड दिन्छ एवम् शिक्षक विद्यार्थी दुबै पक्ष लाई उत्तरदायित्व बोध गराउँदै सिकाई उपलब्धि हासिल गर्न अनुकल वातावरण निर्माणमा सहयोग गर्दछ ।[८]

निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनहरु दुबैलाई अर्थपूर्ण तरिकाले निरन्तर प्रामाणिक[९] आकलनमा समावेश गर्न सकिन्छ र यो समावेशी शिक्षाको लागि आवश्यक छ[१०] । समग्रमा यही प्रकृयालाई समावेशी मूल्याङ्कन पनि भन्ने गरिन्छ ।

समावेशी मूल्याङ्कनले विद्यार्थीहरुको कार्यसम्पादनलाई गणितीय तरिकाले अङ्कन गर्ने प्रक्रिया भन्दा बाहिर गएर सिकाईलाई मापन गर्ने विभिन्न सूचकहरुमा ध्यान पुऱ्याउँदछ । सिकाई सूचकहरुको अलि विस्तृत रुपमा प्रदान गर्दा निम्न कुराहरु पर्दछन् :

- विद्यार्थीहरु एक आपसमा कसरी कुनै काम गर्दछन् भन्ने कुरामा जोड (यसमा शिक्षक विद्यार्थी अन्तरक्रिया पनि पर्दछ)
- विद्यार्थीहरुको सामाजिक र संवेगात्मक स्वस्थता
- विद्यार्थीहरुका विशिष्ट सिकाई रुचिहरु (स्रव्य, दृश्य, काइनेस्ठेतिक)
- विद्यार्थीहरुको स्मृति, ध्यान दिने र स्वनियमन गर्न सक्ने क्षमताहरु

यस्तो मूल्याङ्कनले शिक्षकबाट (सीपालु र समिक्षा गर्न सक्ने ९क्भाी च्भाभिअतष्खभ० अवलोकनकर्ताको भूमिका अपेक्षा गर्दछ। सामान्यतया मूल्याङ्कनले विद्यार्थीहरुको कार्य सम्पादनलाई एक आपसमा तुलना गर्न तुलनात्मक मानकहरुको प्रयोग गर्दछ। समावेशी मूल्याङ्कनमा विद्यार्थीहरुले निश्चित समयावधिमा कति धेरै प्रगति हासिल गरेका छन् भन्ने कुराको लेखाजोखा गर्न सुधार मानकहरु प्रयोग गरिन्छ ।

समावेशी मूल्याङ्कनमा विभिन्न खालका मुल्याङ्कन उपायहरु प्रयोग गरिन्छ जस्तैः अवलोकन, विद्यार्थीका कार्यहरुको क्षेत्रहरु (कोरिएका चित्रहरु, लेखरचना, अभ्यास पत्रहरु, आदि), सीप, ज्ञान र व्यवहार सम्बन्धी रुजुसूचिहरु, परीक्षणका साधनहरु र प्रश्नहरु तथा स्व-मूल्याङ्कन र प्रतिविम्बात्मक लेखहरु ।[११] समावेशी मूल्याङ्कनको मुख्य कुरा भनेको मूल्याङ्कनका उपायहरुको प्रयोगमा हुने लचकता हो जसले गर्दा प्रत्येक विद्यार्थीलाई आफ्नो दक्षता प्रदर्शन गर्ने अवसर प्रदान गर्दछ ।

---

९ प्रामाणिक मूल्याङ्कन सान्दर्भिक हुन्छ र समिक्षात्मक अभ्यासलाई जोड्दछ । डार्लिङ ह्यामण्ड तथा सिन्डर भन्दछन् : "प्राभाणिक मूल्याङ्कनभित्र हामीले अनुभवमा आधारित र समस्या केन्द्रित परिस्थितिमा शिक्षकहरुको शोच र अभ्यासको विकास र परिक्षण गर्ने अवसरहरुलाई समावेश गर्दछौं । यसमा शिक्षणका वास्तविक क्रियाकलापहरुलाई पनि समावेश गरिन्छ। यस्ता शिक्षण क्रियाकलापहरुमा शिक्षण र सिकाइका योजना निर्माण, समीक्षा साथै विद्यार्थीहरुसँगको प्रत्यक्ष अन्तरक्रिया गर्ने क्रियाकलापहरु पर्दछन् (अतिरिक्त जानकारीको लागि डार्लिङ ह्यामण्ड, एल. र सिन्डर, जे. २०००. परिवेश अनुसारको शिक्षणको प्रामणिक मूल्याङ्कन इल्सभाइजर. शिक्षण र शिक्षक शिक्षा. (१६), पृ. ५२४ मा हेर्नुहोस्) । http://www.jcu.edu/education/dshutkin/ed587/articles/Authentic_assessment.pdjf. (४ अप्रिल, २०१३ मा प्राप्त) ।

१० निरन्तर आकलनको महत्त्व. (युनेस्को, २००३. समावेशी शिक्षाको खुल्ला सामग्री : व्यवस्थापकहरु र प्रशासकहरुको लागि सहयोगी सामग्री पेरिस, युनेस्कोमा हेर्नुहोस) । निरन्तर मूल्याङ्कन सबै समयमा चलिरहने प्रक्रिया हो, कुनै निश्चित समयान्तरमा (जस्तैः वर्षको सुरुमा, मध्यतिर र अन्त्यमा) हुने प्रक्रिया होइन ।

११ युनेस्को, २००४. विविधतालाई अंगिकार गर्नुः समावेशी र सिकाइमैत्री वातावरण निर्माणको साधन -पूस्तीका -५, समावेशी सिकाई-मैत्री कक्षाकोठाको व्यवस्थापन, वैङकक, युनेस्को, पृ. ४१ ।

समावेशी मूल्याङ्कन शिक्षक शिक्षा संस्थाहरुमा विद्यार्थी शिक्षकहरुको सिकाईलाई लेखाजोखा गर्ने प्रयोजनमा ल्याउन सकिने एउटा महत्त्वपूर्ण साधन पनि हो । यस्ता विधिहरुको निरन्तरताको लागि शिक्षक शिक्षा संस्थाहरुले नै सुरु गरेर तिनीहरुलाई विद्यालय र कक्षाकोठामा काम गर्ने नयाँ शिक्षकहरुसम्म पुऱ्याउनु पर्छ ।

## बाहामसको एउटा उदाहरण

**विश्वविद्यालयका विद्यार्थीहरूमा स्व-आंकलन[१२] (Self Assessment)**

यहाँ, बाहामाज विश्वविद्यालयका एक प्रध्यापकले स्व- मूल्याङ्कनमा विद्यार्थीहरुसँग काम गर्दाको प्रक्रिया र महत्त्वका बारेमा कुरा गरेका छन् ।

स्व- मूल्याङ्कन कार्यान्वयन गर्नका लागि मेरा विद्यार्थीहरु कुनै एउटा काम वा कार्य सम्पादनको मूल्याङ्कन गर्न आवश्यक पर्ने मानकहरु/आधारहरु निर्धारण गर्न आ-आफ्नो जोडिमा बसेर छलफल गर्दछन् । यो प्रक्रिया कुनै पनि विषयमा गर्न सकिन्छ, जस्तै : नृत्यकलादेखि गणितसम्म । म उनीहरुलाई के जायज छ वा छैन भन्ने कुराको आधारहरु बताइदिन्छु । म उनीहरुलाई सहयोग गर्दछु, हौसला दिन्छु र सल्लाह दिन्छु तर निर्देशन वा आदेश दिन्न ।

ती विद्यार्थीहरु सँधै पर्यटकहरुसँग अन्तरक्रिया गरिरहेका हुन्छन् त्यसैले उनीहरु आफ्ना विचारहरु स्पष्ट राख्न सक्दछन् । उनीहरुले मसँग प्रश्नहरु गर्दछन् र मूल्याङ्कन प्रक्रियाको बारेमा सल्लाह दिन्छन् । हामीहरु समूहमा छलफल पनि गर्दछौँ । यी अन्तरक्रियाहरुको शिलशिलामा मैले अतिरिक्त सूचनाहरु पनि प्रवाह गर्दछु र हामी एउटा समावेशी वातावरण सिर्जना गर्दछौँ जसमा सबै विद्यार्थीहरुले माया, सम्मान र स्वीकारिएको महसुस गर्दछन् । सक्रिय सिकाइ विधिहरु प्रयोग गरेर म एउटा नमुनाको भूमिका खेल्दछु । यसो गर्दा विद्यार्थीहरुले अनुभव आदान प्रदान गरेर हुने सिकाइ र समस्या समाधान विधिलाई कदर गर्दछन् । यिनीहरु नै समावेशी शिक्षाको धड्कनहरु हुन् ।

एक पटक मूल्याङ्कनका मानक/आधारहरुमा सहमति जनाइसकेपछि विद्यार्थीहरु आपसमा छलफल गर्दछन र सम्पूर्ण कक्षामा सहमति नहुन्जेलसम्म यो प्रक्रिया चलिरहन्छ । उनीहरु त्यही मानकहरु प्रयोग गरेर कार्य सम्पादनको मूल्याङ्कन गर्न सुरु गर्दछन् । यसो गर्नलाई उनीहरु आपसमा छलफल गर्दछन् । आफ्नो पालो कुरेर बस्दछन्, सक्रिय रुपमा सुन्छन् र प्रतिक्रिया दिन्छन् साथै अन्त्यमा पृष्ठपोषण दिन्छन् । सक्रिय रुपमा कक्षाकोठामा अवलोकन गर्ने, अलिखित रुपमा अवलोकन गर्ने र सहभागि हुने यसका मुख्य मान्यताहरु हुन् । यस्तो किसिमको स्व-मूल्याङ्कन खेलमैदान, प्रयोगशाला वा सार्वजनिक स्थल आदिमा पनि हुन सक्छ ।

विद्यार्थीहरुले आफ्नो काम गर्नु भन्दा पहिला नै एउटा फर्म भर्ने काम सम्पन्न गर्दछन् र यो उनीहरु व्यक्तिगत सुधारका पक्षहरु पत्ता लगाउन प्रयोग गर्दछन् । प्रत्येकले काम गरिसकेपछि उनीहरु आफ्ना कमीकमजोरीहरु र उक्त कमीकमजोरीहरुलाई पुनः दोहोरिन नदिने उपायहरुको बारेमा खुलेर छलफल

[१२] म्याकडोनाल्ड, वी. २००६. 'स्व- मूल्याङ्कन र समावेशीता, बाहामाजहरु'. ई.ई. एन. ई. टी. समाचार पत्रिका (१०) ।

गर्दछन् । यसले सुधारात्मक मानकहरु निर्धारण गर्न आधार तय गर्दछ ।

प्रत्येक विद्यार्थीहरुले मूल्याङ्कन प्रक्रियामा आफ्नो सक्रिय सहभागिता जनाएर निर्णय गर्ने कुरामा आफूहरु सम्मिलित भएको महसुस गर्दछन् । उनीहरुलाई आफ्ना विचारहरुलाई पनि ओजपूर्ण रुपमा लिइएको छ भन्ने थाहा हुन्छ । मिलेर निर्णय गर्ने प्रक्रियाले साझा दायित्व र स्वामित्वको सम्बर्धन गर्दछ । यी कुराहरु समावेशिताका लागि अति आवश्यक हुन्छन् । विविधतालाई धैर्यता भन्दा पनि अनुष्ठानको रुपमा लिइन्छ किनकी वाहामाजमा विविधता पर्यटन उद्योगको एक अपरिहार्य पक्ष हो ।

सुन्न र बोल्न कमजोर क्षमता भएका विद्यार्थीहरुलाई पनि कक्षामा सहभागी हुने ठाउँ दिइन्छ र अरु साथीहरुले उनीहरुलाई सहयोग गर्दछन्; जस्तै सूचनाहरुको रेकर्डिङ गरेर । सुस्त बुझाइ क्षमता भएका विद्यार्थीहरुले पनि अरु सँगसँगै अगाडि बढ्ने अवसर पाउँछन् । यहाँ सहयोगी वातावरण भन्नुको अर्थ कुनै पनि विद्यार्थी फरक क्षमता भएकोमा कलंकित हुँदैन । हाम्रो कक्षाकोठाका 'आधारभूत नियमहरुले' बहिर्मुखी विद्यार्थीहरुले मौन विद्यार्थीहरुलाई तजोवध गर्ने सम्भावनाबाट रोक्छ र आवश्यक परेमा म आफैँले तत्कालै सल्लाह दिन्छु वा हस्तक्षेप गर्छु ।

तुलनात्मक रुपमा गरिब पारिवारिक वातावरणबाट आएका विद्यार्थीहरुले कक्षाकोठामा अरु विद्यार्थीहरु सरह व्यवहार गरिएको महसुस गर्दछन् । उनीहरुलाई समुदायमा तिरस्कृत भएको जस्तो अनुभव कक्षाकोठामा हुँदैन । बानी व्यवहारमा समस्या भएका विद्यार्थीहरु पनि अरु विद्यार्थीहरुसँग आमने सामने रहेर छलफल गर्ने हुनाले उनीहरुले बढी स्वीकार्य बानी व्यवहार गर्न सिक्छन् । यस्ता सहकार्य विधिको प्रयोगले मलाई कक्षाकोठामा दुर्वलता, संवेगात्मक तनाव, अथवा त्यस्तै अन्य अवस्थाहरुमा भएका विद्यार्थीहरु चिन्न र सो अनुरुप सम्वोधन गर्न सहज र छिटो हुन्छ ।

स्व-मूल्याङ्कनले मनन, अन्तर्मनन्, सृजनात्मक र अलग सोचको विकास गराउँदछ । मेरा विद्यार्थीहरुले आपसी समझदारीमा आउनका लागि बहस गर्नु पर्दछ । यसले कमजोर विद्यार्थीहरुलाई पनि कुनै क्रियाकलापमा आफ्नो योगदान पुऱ्याउनलाई अवसर प्रदान गर्दछ जुन अवस्था परम्परागत कक्षामा कमै मात्रामा थियो । समस्यामा परेका समूहहरुले पनि अन्तरक्रिया र आपसी सहमति गर्नु पर्ने भएकोले उनीहरुलाई केही राहत मिल्ने देखिन्छ । उनीहरु अवसरबाट बञ्चित हुने अवस्थाप्रति प्रश्न गर्न खोज्दछन् । उनीहरुले समाजमा रुढीग्रस्त मान्यताहरु र भेदभावहरुलाई छेड्दै सबैलाई फाइदा हुन सक्ने समावेशी शिक्षा प्रणालीको प्रवर्धन गर्दछन् ।

**विधि पैरवी सन्देश -८**

***"विद्यार्थी शिक्षकहरुलाई वैयक्तिक सिकाई योजनाहरु निर्माण गरी विद्यार्थीहरुका व्यक्तिगत सिकाई आवश्यकतालाई ध्यान दिन सहयोग गरिनुपर्छ । सँगसँगै उनीहरुलाई समावेशी शिक्षामा प्रणालीगत अवरोधहरुको बारेमा सचेत रहन पनि सिकाउनु पर्दछ ।"***

शिक्षकहरुले माथि उल्लेखित मूल्याङ्कन सम्बन्धी कुराहरुलाई ध्यानमा राख्दै व्यक्तिगत सिकाई योजनाहरु निर्माण गर्नु पर्दछ । उनीहरु सिकाई वातावरणमा हुने समूह गतिविधि साथै समावेशी शिक्षाका प्रणालीगत अवरोधहरुप्रति सचेत हुनु पर्दछ । यसो भएमा मात्र समावेशी शिक्षाको दायित्व विद्यार्थीहरुमा मात्र थुपारिदैन ।

व्यक्तिगत सिकाइ योजनाहरु कक्षाकोठा र विद्यालयहरुमा हुने समूह गतिशीलतालाई बुझेर त्यही अनुसार सन्तुलित रुपमा निर्माण गरिनु पर्दछ । यसले सम्पूर्ण कक्षाकोठा र सम्पूर्ण विद्यालय (Whole-school) समावेशीतालाई सहयोग गर्दछ । यसको अलावा शिक्षकहरुले समावेशी शिक्षाका प्रणालीगत वाधाहरुप्रति पनि आफ्नो दृष्टिकोण निर्माण गर्नु महत्त्वपूर्ण हुन्छ (यसको विस्तृत विवरणको लागि चुनौति -१ मा हेर्नुहोस्) योसँगै उनीहरुले विद्यार्थीहरुको लागि वैयक्तिक विधिलाई पनि ध्यान दिनु पर्दछ । विद्यार्थीहरु प्रतिको एकदमै साँघुरो सोचाई भयो भने यसले सम्पूर्ण प्रणालीको नभई विद्यार्थीहरुलाई नै समावेशी शिक्षाको अवरोधको स्रोतको रुपमा बुझाउँछ । प्रणाली भित्र रहेको व्यक्तिलाई बुझ्नु पर्ने यो एउटा जटिल प्रक्रिया हो । जसले समावेशी शिक्षाको उपलब्धिको लागि ठूलो सामार्थ्य बोकेको हुन्छ । वैयक्तिक शिक्षण विधिहरुले विद्यार्थीहरुलाई अलग्याउने कुरामा निर्भर नरहेर साझा सिकाइ अनुभवहरुलाई वैयक्तिकरण गर्नेतर्फ जोड दिन्छन् । यस्तो विविधतापूर्ण विधिले व्यक्तिगत र समूहगत सिकाइमा एउटा सन्तुलन कायम हुन दिन्छ ।[१३]

[१३] ब्लाडको आर. २००९. समावेशी शिक्षाको धाराणात्मक संरचना, एसेडो, सी., अमाडियो, एम., र ओपर्टी, आर. (सम्पादन). समावेशी शिक्षाका प्रस्तावहरुको परिचयः शिक्षाको ४८ औं अन्तराष्ट्रिय सम्मेलन सम्बन्धमा गरिएको आत्मानुभुति, जेनेभा, युनेस्को आई. बि.ई. ।

चुनौती-३

# अभ्यास, मनन र सहयोग

## परिस्थितिको विश्लेषण

यदि छात्र शिक्षकहरुलाई शिक्षक प्रशिक्षकहरुद्वारा निरन्तरता र रचनात्मक पृष्ठपोषण दिइएन भने उनीहरु शिक्षक भइसकेपछि समावेशी, विद्यार्थी केन्द्रित शिक्षणको बारेमा बुझ्ने र प्रभावकारी रुपमा यसमा लागि पर्ने सम्भावना न्यून हुन्छ। उनीहरुले समावेशी विधिहरुको लागि आवश्यक दक्ष सहजता सम्बन्धी सिपहरु पनि प्रयोग गर्ने सम्भावना कम हुन्छ। यसले हामीले माथि उल्लेख गरेका समावेशी मूल्याङ्कनका बुँदाहरुसँग पनि सम्बन्ध राख्दछ।

यसैगरी आफ्ना शिक्षक र सुपरभाइजरबाट सधैं नकारात्मक पृष्ठपोषणको मात्र अनुभव गरेका विद्यार्थी शिक्षकहरुले यसप्रति उत्प्रेरणा पनि गुमाइ सकेका हुन सक्दछन्। परिवर्तनको लागि उपयुक्त प्रोत्साहन र रचनात्मक पृष्ठपोषण भएन भने विद्यार्थीहरुले विवेचनात्मक मनन गर्ने क्षमताको विकास नगर्ने वा आफ्नो व्यवहारमा अर्थपूर्ण परिवर्तन ल्याउन नसक्ने सम्भावना हुन्छ। कुशल सुपरिवेक्षण र सहयोग नपाएका विद्यार्थी शिक्षकहरुले आफ्नो कक्षाकोठा र विद्यालयमा समावेशी शिक्षाका चुनौतिहरु सामना गर्ने सीप वा आत्मवलको विकास गर्न सक्दैनन्।

## विद्यार्थी शिक्षक र शिक्षक प्रशिक्षकहरुको लागि अभ्यास शिक्षणको अभाव

शिक्षक शिक्षा कार्यक्रमहरुमा वास्तविक शिक्षण अभ्यासभन्दा बढी शिक्षण सिद्धान्तमा जोड दिइने हुनाले छात्र शिक्षकहरुको वास्तविक शिक्षणमा तयारी नपुग्ने र यसमा आइपर्ने चुनौतिहरुसँग उनीहरु जुध्न नसक्ने हुन्छन्। बिडम्वनाको कुरा के भने केही शिक्षक शिक्षा कार्यक्रमहरुमा शिक्षण अभ्यासलाई सबैभन्दा कम जोड दिइन्छ। व्यवहारिक रुपमा शिक्षण अनुभव नभएका विद्यार्थी शिक्षकहरुले उनीहरु वास्तविक शिक्षक भइसकेपछि शिक्षणका सिद्धान्त र तिनको प्रयोग बिचमा सम्बन्ध स्थापना गर्न सक्ने सम्भावना ज्यादै न्यून हुन्छ।

शिक्षक प्रशिक्षकहरुको विद्यालयहरुमा काम गरेको ताजा र व्यवहारिक अनुभवहरु नहुनु पनि अर्को समस्या हुन सक्दछ। विद्यालयका शिक्षकहरुसँग काम गरेको ज्यादै कम अनुभव भएका वा नभएका शिक्षक प्रशिक्षकहरुले स्कुले बालबालिका वा जवान विद्यार्थीलाई पढाउने वा विद्यालयका समुदायहरुसँग (School communities) अन्तरक्रिया गर्ने प्रक्रियाहरुको अर्थ नबुझ्न पनि सक्दछन्। उनीहरु तत्कालीन परिवेश, चुनौति र अभ्यासहरुसँग परिचित नहुन पनि सक्दछन्। कुनै कुनै शिक्षकहरु त विद्यालय शिक्षणको कुनै अनुभव नभएका पनि हुन सक्दछन् वा उनीहरुलाई छात्र विद्यार्थी शिक्षक हुँदाको मात्र सीमित अनुभव हुन सक्दछ। यदि शिक्षक प्रशिक्षकहरुमा विद्यालय शिक्षण वा विद्यालयमा काम गरेको अनुभव छैन भने उनीहरुले विद्यार्थी शिक्षकहरुका व्यवहारिक जटिलताहरुलाई सम्बोधन गर्न सक्ने सम्भावना कम हुन्छ। यस्तैगरी विद्यालय शिक्षासँगको सम्बन्धबाट टाढा रहेका शिक्षक प्रशिक्षकहरुलाई आफ्ना विद्यार्थी शिक्षकहरुलाई सिद्धान्त र व्यवहारको सम्बन्ध स्थापना गर्ने तरिका सिकाउन कठिनाई पर्न सक्छ।

## आत्मसमीक्षा गर्ने अभ्यासको (Reflective Practice) अभाव

विद्यार्थी शिक्षकहरुलाई समालोचना गर्न, प्रश्न गर्न साथै अर्थपूर्ण समीक्षा गर्न उत्साहित नगराउने खालका विधिहरु शिक्षक शिक्षामा प्रयोग भएमा यसले विद्यार्थी शिक्षकहरुलाई शोचनीय, लचक र आत्मचेतन गर्न सक्ने बनाउँदैन । आत्मसमीक्षात्मक अभ्यासको अभावमा शिक्षकहरुलाई विविध विद्यार्थीहरुका आवश्यकताअनुसार शिक्षण गर्न कठिनाई हुन सक्छ । यो कुरा समावेशी शिक्षाको लागि अपरिहार्य छ ।

पैरवी गर्नु भन्दा पहिला आफ्नो परिवेशको विश्लेषण गर्न तपाईलाई सहयोगी हुनसक्ने प्रंश्नहरु :

- के तपाईको शिक्षक शिक्षा कार्यक्रममा विद्यार्थी शिक्षकहरुलाई व्यवहारिक अनुभव संगाल्न प्रयाप्त समय र सहयोग उपलब्ध गराइन्छ ?
- के तपाईका शिक्षक प्रशिक्षकहरुसँग विद्यालय वा विद्यालय समुदायहरुसँग काम गरेको ताजा व्यवहारिक अनुभव छ ?
- के तपाईको शिक्षक शिक्षा संस्थाहरुले पढाइ र अभ्यास सिलसिलामा शिक्षणको विद्यार्थी शिक्षककहरुलाई निरन्तर सहयोग, मार्गदर्शन र रचनात्मक पृष्ठपोषण प्रदान गर्दछन् ? के यो कुरा योजनाबद्ध रुपमा र कसैको आर्थिक सहयोगमा चल्दछ ?
- के विद्यार्थी शिक्षकहरुलाई शिक्षकहरु, शिक्षण सहायकहरु र अभिभावकहरुबाट प्राप्त सहयोगको उपयोग गर्न सिकाइन्छ ?
- के विद्यार्थी शिक्षकहरुलाई पर्याप्त व्यवहारिक अनुभव गर्न अवसर दिइन्छ ?
- के विद्यार्थी शिक्षकहरुलाई समीक्षात्मक अभ्यास (Reflective Practice) र कार्यमूलक अनुसन्धान (Action Research) मा लाग्न सहयोग र अपेक्षा गरिन्छ ?
- के शिक्षक शिक्षा संस्थाहरु र सञ्चालक विद्यालयहरु बिचमा विद्यार्थी शिक्षकहरुलाई समावेशी शिक्षणको अनुभव गर्न राम्रो सहयोग र सहकार्य प्राप्त हुन्छ ?

## पैरवी लक्ष्यहरु

**विधि पैरवी सन्देश -९**

***" विद्यार्थी शिक्षकहरुलाई उनीहरुको शिक्षक शिक्षा कार्यक्रममा लामो अवधिको व्यवहारिक अभ्यास शिक्षण अवसर प्राप्त हुनु पर्दछ ।"***

पूर्व-सेवाकालीन शिक्षक शिक्षामा वास्तविक कक्षा शिक्षण हुनु विद्यार्थी शिक्षकहरुको पेसागत भविष्यको लागि पनि अतिआवश्यक छ । निरन्तर निश्चित अवधिको अभ्यास शिक्षणले विद्यार्थी शिक्षकहरुलाई सिद्धान्त र व्यवहार बिचको सम्बन्ध स्थापना गर्न सहयोग गर्दछ साथै पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरुको सहयोगी वातावरणमा उनीहरुले आफ्ना शिक्षण सीपहरुको विकास गर्न पाउँछन् । शिक्षण अभ्यास कार्यक्रमबाट सकारात्मक सिकाई अनुभवको प्रत्याभूति गराउनु पर्दछ । समावेशी शिक्षणको ठोस तयारीको प्रत्याभूति गुणस्तरीय परामर्श र सहयोगमा भर पर्दछ । हामी यो खण्डमा यही मुद्दामा छलफल गर्दछौं ।

शिक्षक शिक्षा कार्याक्रमहरुमा व्यवहारिक अभ्यास शिक्षणको काम कति गर्ने र कस्तो प्रकृतिको गर्ने भन्ने निर्क्योल गर्न कठिन छ । तापनि विद्यार्थी शिक्षकहरुले उनीहरुको पूर्व सेवाकालीन शिक्षाको प्रत्येक वर्ष विद्यालयमा अभ्यास अनुभव निरन्तर गरेको हुनुपर्दछ। स्थानीय विद्यालयहरुमा उनीहरुलाई स्वयम्सेवकको

रुपमा काम गर्न (जस्तैः शिक्षण सहायकको रुपमा), विद्यालयहरुमा विशेष खालका आयोजनाहरु (जस्तैः कार्यमूलक अनुसन्धान) मा खटाउनु विद्यालयहरुमा अवलोकन भ्रमण गराउन, साथसाथै लामो समयको वास्तविक शिक्षण तथा/सहयोगी शिक्षण गराउन पनि सकिन्छ । शिक्षक शिक्षा कार्यक्रम वा कोर्षमा अभ्यास शिक्षणको आवृत्ति र अवधिमा वृद्धि हुनु पर्दछ । जसले गर्दा विद्यार्थी शिक्षकहरुले विद्यालयमा काम गरेको लामो समयको उच्चतम अनुभव प्राप्त गर्न सक्दछन् ।

अभ्यास शिक्षण गर्ने विद्यालयहरुका शिक्षकहरुले पनि कक्षाकोठामा विद्यार्थी शिक्षकहरुबाट सहयोग प्राप्त गर्न सक्दछन् । तर उनीहरुले विद्यार्थी शिक्षकहरुलाई समावेशी पाठयोजना बनाउने, कक्षा व्यवस्थापन एवम् आकलन गर्ने कुरामा व्यहारिक सीपहरुको विकास गर्न सहयोगीको रुपमा महत्त्वपूर्ण भूमिका खेल्नु पर्ने हुन्छ । सहयोगी र रचनात्मक पृष्ठपोषण उनीहरुको लागि अतिआवश्यक हुन्छ । विद्यार्थी शिक्षकहरुलाई सहयोग गर्ने शिक्षकहरुले पनि शिक्षक शिक्षा संस्थाहरुबाट उत्तिकै मात्रामा सहयोग प्राप्त गर्नु महत्त्वपूर्ण छ ।

विद्यार्थी शिक्षकहरुले उनीहरुको शिक्षण अभ्यासको समयमा विभिन्न खालका समावेशी शिक्षण सम्बन्धी परिवेशहरु र चुनौतिहरुको अनुभव गर्नु पर्दछ । जस्तैः पिछडिएका समुदायका बालबालिकहरु, विविध जातजाति र भाषिक समूहका बालबालिका, मिश्रित उमेर र स्तर समूहका बालबालिकाहरु, मिश्रित लैङ्गिक समूहहरु, अपाङ्गता भएका बालबालिकाहरु, दुर्गम र सुगम विद्यालयहरु, एवम् चलाख र विशेष क्षमता भएका बालबालिकहरु । विद्यार्थी शिक्षकहरुको लागि प्रयोगात्मक कार्यक्रमहरुको स्थापना र सञ्चालन गर्ने प्रक्रियाबाट शिक्षक शिक्षा संस्थाहरु र विद्यालय/विद्यालय समूहहरु बिचमा अर्थपूर्ण र आपसी हितको लागि पारस्परिक सम्बन्ध स्थापना हुन सक्दछ । यसले उपस्थित विद्यालयहरु र शिक्षकहरुलाई सम्बन्धित शिक्षक शिक्षा संस्थाहरुबाट सेवाकालीन शिक्षक शिक्षा र पेसागत विकासमा सहयोग हुन सक्छ । उनीहरुको ज्ञान र अनुभवहरुले सिधै शिक्षक शिक्षामा योगदान पुग्न सक्दछ (जस्तैः प्रयोगात्मक अभ्यासको लागि विद्यार्थी शिक्षकहरुलाई पथप्रदर्शन गर्नु, कार्यशालाहरुमा उपस्थित भएर वा सहजता प्रदान गरेर, एवम् शिक्षक शिक्षा संस्थाहरुमा आतिथ्य शिक्षकहरुको रुपमा काम गरेर) ।

## म्यानमारको एउटा उदाहरण

**प्रयोगात्मक अभ्यास क्षेत्र भ्रमणहरू**[१४]

"म्यानमारको एउटा जनजातिहरुको समूह 'करेनले' आफ्नै पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रम थाइल्याण्ड र म्यानमारको करेन राज्यको बिचमा पर्ने दुईवटा ठाउँमा सञ्चालन गर्दछ । यो कार्यक्रमले करेन भाषा, संस्कृति, स्थानीय ज्ञान र पश्चिमा दर्शनलाई समेट्छ । यसले विद्यार्थी शिक्षकहरुलाई करेन समुदायको विभिन्न विद्यालहरुमा शिक्षण गर्न सक्ने बनाउँदछ ।

यो कार्यक्रमले विद्यार्थीहरुलाई दुई वर्षको पूर्व सेवाकालीन शिक्षक शिक्षा प्रदान गर्छ र त्यसमाथि पुन २ वर्ष करेन विद्यालहरुमा पढाएर अनुभव गर्ने अवसर प्रदान गर्दछ । त्यसपछि मात्र विद्यार्थी शिक्षकहरु पूर्णरुपमा योग्य शिक्षकको रुपमा परिणत हुन्छन् । यो कार्यक्रमका पहिला दुई वर्षहरुमा शिक्षक शिक्षा

---

१४ कप्लान, आई. २०१२. थाइ/वर्माको सीमानामा करेन शिक्षक शिक्षा-शिक्षा अवरोध र आघात. अप्रकाशित विद्यावारिधी कृति. करेन शिक्षक प्रशिक्षण कलेज (के.टि.टि.सी.). करेन शिक्षक सञ्चालक समुह (के.टि. डब्ल्यु. जी.) द्वारा चलाइएको छ । www.ktwg.org.

संस्थाहरुमा धेरै समय बिताए पनि उनीहरु प्रत्येक वर्षको कुनै समयमा स्थानीय विद्यालहरुमा शिक्षण अभ्यासको अनुभव गर्न पाउछन् । प्रथम वर्षका विद्यार्थीहरुको प्रयोगात्मक अभ्यासको लागि एउटा एक महिने निर्धारित कार्यक्रम हुन्छ । जसमा विद्यार्थीहरु करेन समुदायका विभिन्न क्षेत्रहरु (साना गाउँदेखि ठूला सहरसम्म) मा पैदल हिडेर यात्रा गर्दछन् र निश्चित ठाउँहरुमा शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय समितिहरुसँग भेटघाट गर्दछन् । यसबाट उनीहरुले विद्यालय समितिहरुहरुलाई भेट्ने, समुदायका सदस्यहरुसँग अन्तरवार्ता लिने र आफूहरुले विद्यालयहरुमा प्रयोगात्मक अभ्यास शिक्षण गर्नु भन्दा नै पहिले करेन राज्यको विद्यालय शिक्षाको बारेमा बुझ्ने अवसर प्राप्त गर्दछन् । यो यात्राको क्रममा विद्यार्थी शिक्षकहरुले केटाकेटीहरु, अभिभावकहरु र समुदायका अरु सदस्यहरुसँग रमाइलो गर्ने, अन्तरक्रियात्मक र शैक्षिक क्रियाकलापहरु गर्ने अवसर पाउँछन् । यसले उनीहरुको आत्मवल बढ्नुका साथै महत्त्वपूर्ण व्यवहारिक अनुभव प्रदान गर्दछ ।

यहाँ प्रथम वर्षका करेन विद्यार्थी शिक्षकहरुले यस्तो प्रयोगात्मक यात्राको बारेमा आफ्नो अनुभव यसरी सुनाउँछन् :

मेरो लागि सबभन्दा बढी रमाइलो कुरा त करेन राज्यका शिक्षकहरुसँग भेटघाट गर्नु नै हो । उनीहरु थोरै पाउँदछन् तापनि साना केटाकेटीहरुलाई शिक्षित नागरिक बनाउन धेरै मेहनत गर्दछन् । अभिभावकहरु समेत यसमा लाग्न चाहन्थे । उनीहरुलाई काम गर्नु पर्ने थियो त्यसैले उनीहरुले हामीलाई समय दिन सकेनन् ।

समुदायहरुसँग विद्यार्थी शिक्षकहरुको समूहमा सँगसँगै काम गर्दा हामीहरुले के थाहा पायौं भने हामी योग्य शिक्षक हैनौं । त्यसैले हामीहरुले उनीहरुसँगै बसेर छलफल गर्दै काम गऱ्यौं । जतिबेला हामीले कुनै एउटा क्रियाकलापको लागि तयारी गऱ्यौं त्यतिबेला प्रत्येक व्यक्तिले आफ्नो विचार व्यक्त गर्नु भयो, आपसमा छलफल गऱ्यौं र अन्त्यमा सबभन्दा उत्तम तरिका चयन गऱ्यौं । भविष्यमा हामीहरुले जिल्ला र सहरसँगको सामिप्यतामा रहेर सँगसँगै काम गरी शिक्षालाई राम्रो बनाउनु छ ।"

**विधि पैरवी सन्देश -१०**

***"शिक्षक प्रशिक्षकहरुले विद्यालय र विद्यालय समुदायहरुसँग राम्रो सम्बन्ध राख्नु पर्ने आवश्यकता छ साथै विद्यालयहरुमा काम गर्दाको अनुभवहरुको उपयोग गरी फाइदा लिनु पर्दछ ।"***

शिक्षण र विद्यालय शिक्षाका अन्य पक्षहरु बुझ्न शिक्षक प्रशिक्षकहरुले विद्यालय वा विद्यालय समुदायहरुमा बसेर वा उनीहरुसँग काम गर्नु पर्ने हुन्छ । विद्यालयहरुमा नियमित सम्बन्ध राख्न सकेमा विद्यालयहरुका बारेमा उनीहरुको बुझाईको दायरा फराकिलो हुन सक्छ । यसले उनीहरुको तर्फबाट विद्यार्थी शिक्षकहरुको लागि गरिने शिक्षण र सहयोग भरोसापूर्ण, व्यवहारिक र सान्दर्भिक हुन सक्दछ । शिक्षक प्रशिक्षकहरुले समय सीमा र व्यावहारिक चुनौतिहरुको धेरै सामना गर्नु पर्दछ तापनि (यदि शिक्षक शिक्षा संस्थाहरु र विद्यालयहरु लचक र सक्रिय भएमा) उनीहरुले विद्यालयहरुमा समय बिताउन सक्ने अवसरहरु धेरै छन् । त्यस्ता सम्भावनाहरु निम्ननुसार छन्:

- संयुक्त रुपमा शिक्षणसँग सम्बन्धित कार्यशालाहरु आयोजना गर्ने र भाग लिने । त्यस्तै अन्य सीप र क्षमता केन्द्रित क्रियाकलापहरु (जस्तैः साक्षरता, शिक्षण सामाग्री निर्माण, आदि) संयुक्त रुपमा सञ्चालन गर्ने शिक्षण प्रशिक्षकहरु शिक्षक संस्थाहरु, विद्यालयहरु र विद्यालय समुदायहरु सँगसँगै अगाडि बढ्नु ।

- विद्यार्थी शिक्षकहरुको प्रयोगात्मक परीक्षाको बेलामा शिक्षक प्रशिक्षकहरुले विद्यालय भ्रमण गर्ने (जस्तैः विद्यालय समुदायका सदस्यहरुसँग भेट्ने, विद्यार्थी शिक्षकहरुको सुपरिवेक्षण गर्ने) तथा
- शिक्षक प्रशिक्षकहरुले छोटो समयको लागि विद्यालयहरुमा उपस्थित भएर दिइने आतिथ्य शिक्षण ।

**विधि पैरवी सन्देश -११**

***"विद्यार्थी शिक्षकहरुका लागि शिक्षक शिक्षा संस्थाहरुमा उनका प्रशिक्षकहरुबाट साथै प्रयोगात्मक अभ्यास गर्ने विद्यालयहरुमा उनीहरुका शिक्षक पथप्रर्दशकहरुबाट रचनात्मक रुपमा निरन्तर सुपरिवेक्षण र सहयोगको आवश्यकता पर्दछ ।"***

कुशल सुपरिवेक्षणको लागि शिक्षक शिक्षा संस्थाहरुले उनका विद्यार्थीहरुलाई विशेष खालका शिक्षण सीपहरुमा प्राविधिक र सरल रुपमा सहयोग साथै परामर्श र प्रोत्साहन उपलब्ध गराउनु पर्दछ किनकि, उनीहरुलाई शिक्षणमा संवेगात्मक चुनौतिहरुको सामना गर्नु पर्ने हुन सक्दछ । विद्यार्थी शिक्षकहरुका लागि सुपरिवेक्षण र सहयोग सम्बन्धमा शिक्षक शिक्षा संस्थाहरु द्वारा नै स्पष्ट योजना र आर्थिक सहयोगको व्यवस्था गरिएको हुनु पर्दछ । यस्तो सहयोग विद्यार्थी शिक्षकहरु र शिक्षक प्रशिक्षकहरु बिच विकसित विश्वासीलो सम्बन्धको आधार निरन्तर चलिरहनु पर्दछ ।

विद्यार्थी शिक्षकहरुलाई पनि उनीहरुले प्रयोगात्मक अभ्यास गर्ने विद्यालयहरुमा त्यहाँका शिक्षकहरुले पथप्रदर्शनमा सहयोग गर्नु पर्दछ । शिक्षक पथप्रदर्शकहरुले विद्यार्थी शिक्षकहरुलाई आवश्यक परेको बेला सबैभन्दा सान्दर्भिक र परिस्थितिजन्य समयमा सहयोग गर्नु पर्दछ (जस्तैः एउटा चुनौतिपूर्ण पाठको अन्त्यमा तत्काल गरिने सहयोग) । ती शिक्षकहरुको सुपरिवेक्षक र पथप्रदर्शक रुपमा काम गर्ने भूमिकालाई स्पष्ट पारिनु पर्दछ ।

शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थी शिक्षकहरुको प्रयोगात्मक अभ्यासको समयमा उनीहरु र विद्यालयहरु बिचको सम्बन्धलाई अनुगमन गर्ने जिम्मा लिनु पर्दछ । यसबाट विद्यार्थी शिक्षकहरुका आवश्यकताहरुको सम्बोधन साथसाथै शिक्षकहरु पथप्रदर्शनको भूमिकामा रमाइरहेका र एउटा साच्चिकै उत्साहित वातावरण सिर्जना भएको छ भन्ने कुराको निर्क्योल गर्न सकिन्छ ।

**विधि पैरवी सन्देश -१२**

***"विद्यार्थी शिक्षकहरुलाई विद्यालय भित्र र विद्यालय समुदाय (जस्तैः शिक्षक, अभिभावक र शिक्षक सहायकहरु) सञ्जालहरु सिर्जना गर्ने र उपयोग गर्ने बारेमा निर्देशन र अनुभवको आवश्यकता पर्दछ ।"***

समावेशी शिक्षा मौलाउनको लागि एउटा उत्साहित वातावरण हुनु पर्दछ । विद्यार्थी शिक्षकहरुलाई कक्षाकोठा भित्र र बाहिर सहयोग खोज्ने र व्यवस्थापन गर्ने अनुभव चाहिन्छ । यस अन्तर्गत अरु शिक्षकहरु र विद्यालय व्यवस्थापन (जस्तैः प्रधानाध्यापक)सँग कसरी काम गर्ने, शिक्षक सहयोगीहरुसँग कसरी प्रभावकारी रुपमा काम गर्ने, र अन्त्यमा अभिभावकहरुसँग उनीहरुका बालबालिकाको सिकाइमा टेवा पुऱ्याउन कसरी काम गर्ने भन्ने कुराको ज्ञान र व्यवहारिक अनुभवको आवश्यकता पर्दछ ।

प्रयोगात्मक अभ्यासमा राखिनाले विद्यार्थी शिक्षकहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अभिभावकहरु एवम् विद्यालय समुदायहरुका अन्य सदस्यहरुसँग घुलमिल हुने अवसर प्राप्त हुनु पर्दछ । शिक्षकहरु र

अभिभावक/परिवारहरु बिचमा दिगो सम्बन्धको विकास गर्नु समावेशी शिक्षाको लागि महत्त्वपूर्ण कुरा हो । यसलाई पूर्व सेवाकालीन शिक्षक शिक्षाको सुरुवातबाट नै बलियो बनाउँदै ल्याउनु पर्छ । अभिभावक र समुदायका सदस्यहरु बिचको यस्तो सम्बन्धले विद्यार्थी शिक्षकहरुलाई समावेशी शिक्षाका सामाजिक अवरोधहरु र यिनीहरुले विद्यालय भित्र सिकाइमा पार्ने प्रभावको बारेमा बुझ्न सहयोग पुग्दछ ।

सहपाठी साथीहरु बिचमा रहेका सहयोग सञ्जालहरु पनि उत्तीकै महत्त्वपूर्ण हुन्छन् । विद्यार्थी शिक्षकहरुलाई पनि साथीहरु बिचमा समालोचक साथित्व (Critical Friendship)को विकास गर्न हौसला दिनु पर्दछ । यस्तो साथित्व भनेको आपसी सहयोग र चिन्तन गर्न अभ्यास गर्नु गराउनु हो । चिन्तन अभ्यासको बारेमा अर्को पैरवी सन्देशमा अझ बढी छलफल गरिएको छ ।

## शिक्षकहरुका लागि समालोचक साथित्व

शिक्षण पेसा फलदायी छ तर पनि कहिले काहिँ यो पेसाको सिलसिलामा भएको एक्लो अनुभव पनि हुन सक्छ । यस्तो अनुभव आफ्नो विद्यालय वा समुदायमा धेरै अरु शिक्षकहरु नभएको अवस्थामा हुन्छ । आफ्नो कामको बारेमा कुरा गर्ने कुनै व्यक्ति भएमा शिक्षण पेसालाई कम दिग्दारी पूर्ण बनाउन सकिन्छ । यसबाट अझ राम्रो गर्नु चिन्तन गर्न र सुधार गर्न सहयोग मिल्छ । हामीले सहकर्मी साथीहरु भेट्दा अनौपचारिक रुपम हामीले गर्ने कामको बारेमा कुराकानी गर्दछौं तापनि अझ योजनाबद्ध तरिकाले शिक्षण सिकाईको अनुभवहरुको बारेमा कुराकानी गर्न सके राम्रो हुन्छ । यसलाई नै समालोचक साथित्व भनिन्छ ।

एउटा समालोचक साथी त्यो व्यक्ति हो जसले तपाईलाई शिक्षकको जस्तै गरी तपाईको काममा सहयोग गर्दछ । अरु साथीहरु जस्तै सबभन्दा महत्त्वपूर्ण कुरा एउटा साथीले गर्न सक्ने भनेको तपाईको कुरा राम्रोसँग सुन्ने र शिक्षण अनुभवका राम्रा र नराम्रा दुवै खालका कुराहरु गर्ने नै हो ।

शिक्षकको रुपमा तपाईका समालोचक साथीहरु भनेका सहकर्मी शिक्षकहरु नै हुन् । उनीहरुले तपाईका पेसागत कार्य र चुनौतिहरुलाई राम्रोसँग बुझ्न सक्दछन् ।

एउटा समालोचक साथीले तपाइका कुराहरुलाई देख्न र सुन्न सक्दछन् र उनीहरुका अनुभवहरुलाई तपाईका चुनौति र मुद्दाहरुलाई सम्बोधन गर्न र प्रयोग गर्न सक्दछन् ।

एउटा असल साथित्व विश्वासमा अडिरहेको हुन्छ । एउटा समालोचनात्मक साथीको रुपमा तपाई सहयोगी र निश्पक्ष हुन कोशीश गर्नु पर्दछ ।

असल समालोचक साथीत्व समयको अन्तरालमा बलियो र विकसित हुन पुग्दछ । तपाई र तपाईको साथी बिचको पहिलो भेटमा सकारात्मक अनुभव प्राप्त भयो भने पुनः भेट्ने समयको योजना बनाउनुहोस र यो प्रक्रिया निरन्तर दोहोऱ्याउनुहोस् ।

## शिक्षकहरुका लागि समालोचक साथित्व

शिक्षण पेसा फलदायी छ तर कहिले काहिँ शिक्षकले एक्लो भएको अनुभव गर्न पनि सक्छ । यस्तो अनुभव आफ्नो विद्यालय वा समुदायमा अरु धेरै शिक्षकहरु नभएको अवस्थामा हुन्छ । आफ्नो कामको बारेमा कुरा गर्ने कुनै व्यक्ति भएमा शिक्षण पेसालाई कम दिग्दारीपूर्ण बनाउन सकिन्छ । यसबाट अझ राम्रो गर्ने

चिन्तन गर्न र सुधार गर्न सहयोग मिल्छ । हामीले सहकर्मी साथीहरु भेट्दा अनौपचारिक रुपमा हामीले गर्ने कामको बारेमा कुराकानी गर्दछौं तापनि अझ योजनाबद्ध तरिकाले शिक्षण सिकाईको अनुभवहरुको बारेमा कुराकानी गर्न सके राम्रो हुन्छ । यसलाई नै सृजनात्मक साथित्व भनिन्छ ।

एउटा समालोचक साथी त्यो व्यक्ति हो जसले तपाईलाई शिक्षकको जस्तै गरी तपाईको काममा सहयोग गर्दछ । अरु साथीहरु जस्तै सबभन्दा महत्त्वपूर्ण कुरा एउटा साथीले गर्न सक्ने भनेको तपाईको कुरा राम्रोसँग सुन्ने र शिक्षण अनुभवका राम्रा र नराम्रा दुवै खालका कुराहरु गर्ने नै हो ।

शिक्षकको रुपमा तपाईको समालोचक साथीहरु भनेका सहकर्मी शिक्षकहरु नै हुन् । उनीहरुले तपाईका पेसागत कार्य र चुनौतिहरुलाई राम्रोसँग बुझ्न सक्दछन् ।

एउटा समालोचक साथीले तपाइका कुराहरुलाई आँखा र कानहरुले देख्न सक्दछन् र उनीहरुका अनुभवलाई तपाईका चुनौति र मुद्दाहरुमा प्रयोग गर्न सक्दछ ।

एउटा समालोचक साथीत्व विश्वासमा अडिरहेको हुन्छ । एउटा समालोचक साथीको रुपमा तपाई सहयोगी र निश्पक्ष हुन कोशीश गर्नु पर्दछ ।

असल समालोचक साथीत्व समयको अन्तरालमा बलियो र विकसित हुनेछ । तपाई र तपाईको साथी बिचको पहिलो भेटमा सकारात्मक अनुभव प्राप्त भयो भने पुनः भेट्ने समयको योजना बनाउनुहोस र यो प्रक्रिया निरन्तर दोहोऱ्याउनुहोस ।

**विधि पैरवी सन्देश - १३**

***"विद्यार्थी शिक्षकहरु कार्यमूलक अनुसन्धानको सिलसिलामा आत्मसमिक्षा गर्न निपुण हुनु पर्दछ ।"***

सफल शिक्षण सिकाईको लागि आत्मसमीक्षा गर्ने अभ्यास आवश्यक हुन्छ । यो कार्यमूलक अनुसन्धानसँग जोडिएको हुन्छ । यसले शिक्षकहरुलाई आफ्नो शिक्षण र विद्यार्थीहरुलाई ध्यान दिन साथै तदनुसार विवेकपूर्ण परिवर्तन र अनुकलन गर्न सहयोग गर्दछ । जति धेरै शिक्षकहरु आफ्नो शिक्षण व्यवहार, विद्यार्थीहरुका आवश्यकता र दृष्टिकोणहरु बुझ्न सक्दछन् त्यति नै उनीहरुले समावेशी शिक्षाका चुनौतिहरुसँग जुध्न सक्दछन् । यही यथार्थलाई ध्यानमा राखेर विद्यार्थी शिक्षकहरुलाई उनीहरुले शिक्षक र विद्यार्थीको रुपमा गरेको कार्यसम्पादनमा समीक्षा गर्ने विभिन्न तरिकाहरु सिकाउनु पर्छ । यसो भएमा उनीहरुले आफ्ना विद्यार्थीहरुका अनुभवहरु र कार्यसम्पादनहरुलाई नयाँ समस्याहरु पत्ता लगाउन र चलिरहेको क्रियाकलापहरुमा सुधार ल्याउनको निम्ति प्रयोग गर्न सक्दछन् ।

आत्मसमीक्षात्मक अभ्यास (Reflective Practice) शिक्षण र सिकाइको अनुगमन र मूल्याङ्कन गर्न प्रयोग गरिने एउटा साधन हो  र यो कुरा अघिल्लो खण्डमा छलफल गरिएको समावेशी मूल्याङ्कनसँग सम्बन्धित छ । आत्मसमीक्षात्मक अभ्यास कार्यमूलक अनुसन्धानको वृहत्तर प्रक्रियाको एउटा उपयोगी पक्ष हो जसमा शिक्षकहरु र अन्य विद्यालय समुदायका सदस्यहरुले समग्र शिक्षक शिक्षामा सम्बोधन गरिनु पर्ने प्रमुख मुद्दाहरु र चुनौतिहरुमा छलफल गर्दछन्, कार्ययोजना तयार गर्दछन्, अनुसन्धानको आधारमा स्पष्ट परिवर्तनहरु ल्याउँछन्, यसका असरहरुको मूल्याङ्कन गर्दछन्, व्यवस्थित बनाउदछन् एवम् आवश्यकतानुसार सोही प्रक्रिया दोह्नोऱ्याउदछन् ।

विद्यार्थी शिक्षकहरुलाई विद्यालयमा विद्यालय समुदायहरुसँग मिलेर कार्यमूलक अनुसन्धान गर्न शिक्षा, अभ्यास र सहयोगको आवश्यकता पर्दछ । यो एउटा महत्वपूर्ण कुरा हो किनभने कार्यमूलक अनुसन्धान समावेशी शिक्षाको लागि सम्पूर्ण विद्यालय विधि प्रयोग गर्न सहयोगी हुने एउटा अर्थपूर्ण प्रक्रिया हो । उदाहरणका लागि विद्याथीहरुलाई नै उनीहरुका विद्यालय बाहिर रहेका साथीहरुका बारेमा अनुसन्धान गर्न लगाउन सकिन्छ (जस्तैः उनीहरुको समुदायका कुन कुन बालबालिकाहरु किन विद्यालय बाहिर छन् भन्ने कुरा पत्ता लगाउन) । यस्ता क्रियाकलापले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउनको निम्ति अझ राम्रो जानकारीमूलक प्रयासहरुतर्फ उनीहरुलाई डोऱ्यादउँछन् । विद्यालयको पाठ्यक्रमसँग पनि यसलाई जोड्न सकिन्छ (जस्तैः सर्वेक्षण र विद्यालय बाहिरका बालबालिकाहरुको सङ्ख्या पत्ता लगाउने कुरा गणित विषयसँग जोड्न सकिन्छ) ।

आत्मानुभूति अभ्यास र कार्यमूलक अनुसन्धान विद्यालयहरुमा गरिने शिक्षण अभ्यासको सन्दर्भमा मात्र प्रयोग नगरेर यसलाई शिक्षक शिक्षा संस्थाहरुमा पनि प्रयोगमा ल्याउनको निम्ति प्रोत्साहन गरिनु पर्दछ (जस्तै : विद्यार्थी शिक्षकहरुलाई उनीहरुको आफ्नै सिकाइ अनुभवमा समीक्षा गर्न लगाइनु पर्छ) । शिक्षक प्रशिक्षकहरुले त्यसैगरी समीक्षा गर्नु पर्दछ । शिक्षक प्रशिक्षक र विद्यार्थी शिक्षकहरु मिलेर शिक्षक शिक्षा संस्थाहरु भित्रै कार्यमूलक अनुसन्धान आयोजनाहरु विकास गर्नु पर्छ जसले गर्दा समावेशी शिक्षण सिकाइको वातावरण अझ राम्रो बनाउन सकिन्छ ।

अन्ततः आत्मानुभुति अभ्यास र कार्यमूलक अनुसन्धानलाई शिक्षकहरुको नियमित पेशागत विकासको अभिन्न अङ्गको रुपमा लिइनु पर्छ ।

यो पैरवीले सकारात्मक प्रभाव पार्दैछ भन्ने कुरा कसरी थाहा पाउने ?

पैरवी निर्देशीका -१ ले पैरवी योजना गर्दै गर्दा सो प्रक्रियालाई अनुगमन र कार्यको प्रभाव मूल्याङ्कन गर्न सूचकाङ्कहरु विकास गर्नुपर्ने कुरालाई जोड दिएको छ । सिर्जना गरेका सूचकाङ्कहरु पैरवी उद्देश्यहरुमा आधारित हुनेछन् । यस्ता सूचकाङ्कहरु, योजनाहरु, विभिन्न सरोकारवालाहरुलाई समेटेर सहभागितामूलक प्रक्रियाबाट निर्माण गरिनुपर्छ ।

तलको सूचिमा केही महत्त्वपूर्ण सूचकाङ्कहरु प्रस्तुत गरिएको छ । शिक्षक शिक्षा संस्थाहरु, विद्यार्थी शिक्षकहरु र शिक्षकहरुलाई समावेशी शिक्षाको प्रत्याभुति गराउनका लागि शिक्षण विधिहरुमा सुधार ल्याउन गरिएको यो पैरवी प्रभावकारी भएको मानिनेछ यदिः

- समावेशी शिक्षाका अवरोधहरु कहिल्यै पनि विद्यार्थीमा नभई प्रणालीमा अन्तर्निहित हुन्छन् भन्ने कुरा पूर्ण रुपमा बुझियो र स्वीकारियो भने ।
- समावेशी शिक्षाका अवरोधहरुलाई सम्बोधन गर्ने प्रक्रियामा अवरोध गर्ने तत्वहरु पत्ता लगाउने, समाधानका रणनीतिहरु तयार गर्ने र यस्ता अवरोध हटाउन प्रणालीमा नै सुधार ल्याउने जस्ता कार्य गरियो भने ।
- शिक्षक शिक्षा संस्थाहरु र विद्यालयहरुमा जातजाति, भाषा, लिङ्ग, क्षमता आदिका आधारमा देखिएका विविधताहरुलाई सामार्थ्यको रुपमा बुझियो र त्यसलाई सहर्ष स्वीकार गरियो भने ।
- शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थीहरु र कर्मचारीहरुलाई विद्यार्थी केन्द्रित सहभागितामूलक र

उपयोगी हुने शिक्षण विधिहरुको प्रयोग सम्बन्धमा निरन्तर तालिम र सहयोग उपलब्ध गराएमा ।

- शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थी कर्मचारीहरुलाई निश्चित समावेशी विधिहरु सम्बन्धमा निरन्तर तालिम र सहयोग उपलब्ध गराएमा । यसमा अपाङ्गता भएका बालबालिकाको सिकाइमा सहयोग गर्ने, लैङ्गिक समानताको प्रवर्धन र बहुकक्षा वा बहुभाषि शिक्षण, आदि पर्दछन् ।
- शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थीहरु र कर्मचारीहरुलाई स्थानीय समुदाय र कक्षाकोठाको परिवेशमा आधारित पाठ्यक्रम र पाठ्य सामाग्री निर्माण गर्न तालिम र निन्तर सहयोग उपलब्ध गराएमा ।
- शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थी र कर्मचारीहरुलाई समावेशी मूल्याङ्कन (जस्तैः निर्माणात्मक, निरन्तर, प्रामाणिक साथै निर्णयात्मक मूल्याङ्कन) मा निरन्तर तालिम र सहयोग उपलब्ध गराएमा ।
- शिक्षण शिक्षा संस्थाहरुमा विद्यार्थी शिक्षकहरु र कर्मचारीहरुलाई विद्यार्थीहरुका व्यक्तिगत आवश्यकतहरुलाई ध्यानमा राखी वैयक्तिक सिकाई योजनाहरु बनाउन सहयोग गरिएमा र शिक्षा प्रणालीमा नै रहेका समावेशी शिक्षाका अवरोधहरुलाई ध्यान दिएमा ।
- शिक्षक शिक्षाको अवधिभरी विद्यार्थी शिक्षकहरुलाई विद्यालयमा गएर निरन्तर र लामो प्रयोगात्मक अभ्यासको अनुभव गर्ने अवसर प्रदान गरिएमा ।
- शिक्षक शिक्षा संस्थाहरु र कर्मचारीहरुको विद्यालय वा विद्यालय समुदायहरु सँगको सम्बन्ध मजबुत र परिणाममुखी भएमा ।
- विद्यार्थी शिक्षकहरुलाई शिक्षक प्रशिक्षकहरु र अभ्यास शिक्षण गर्ने विद्यालयका शिक्षक पथपद्रर्शकहरुबाट रचनात्मक र निरन्तर सुपरिवेक्षण तथा सहयोग उपलब्ध गराइएमा ।
- विद्यालय र विद्यालय समुदायहरुमा (जस्तै : शिक्षकहरु, शिक्षक सहयोगीहरु र अभिभावकहरु) सहयोग सञ्जालहरु निर्माण गर्न र उपयोग गर्न विद्यार्थी शिक्षकहरुले सल्लाह र सहयोग प्राप्त गरेमा ।
- शिक्षक शिक्षा संस्थाहरुले विद्यार्थी र कर्मचारीहरुलाई आत्मसमीक्षा गर्ने अभ्यास र कार्यमूलक अनुसन्धानमा तालिम र निरन्तर सहयोग उपलब्ध गराएमा ।

## अनुसूची

तलको तालिकामा माथिका प्रत्येक चुनौतिहरुमा उल्लेख गरिएका पैरवी सन्देशहरुका सम्भावित लक्ष्यहरु सुझाइएको छ । यसमा तपाईहरुले आफ्नो परिवेशमा त्यस्ता खालका सन्देशहरु प्रवाह गर्न प्रयोग गर्न सक्ने विधि वा साधनहरु थप्न सक्ने ठाउँ पनि प्रदान गरिएको छ । तपाइले आफ्ना सहकर्मीहरु र अन्य सरोकारवालाहरुसँग परामर्श गरेर यस्ता विचारहरुको सिर्जना गर्न प्रयास गर्नु पर्छ । यस सम्बन्धी पैरवी गर्ने सुझावहरु र विधि/साधनहरुको बारेमा 'पैरवी निर्देशिका १' मा उल्लेख गरिएको छ ।

| पैरवी सन्देश के हो ? | कसले यसको सुनुवाई गर्नुपर्छ ? | तपाईले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "समावेशी शिक्षामा अवरोधहरु खडा गर्ने तत्वहरु प्रणाली र विद्यालहरु मात्र हुन्, सिकारुहरु होइन ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाहरुका प्रमुखहरु<br>• शिक्षण र तालिम पाठ्यक्रम शिक्षक शिक्षा संस्थाहरुका कर्मचारीहरु विकासमा उत्तरदायी रहने ।<br>• विद्यालयहरुका कर्मचारीहरु र विद्यालय समुदायहरुका सदस्यहरु (जस्तैः अभिभावकहरु) | |
| "समावेशी शिक्षाका अवरोधहरुलाई सम्बोधन गर्न एक व्यवस्थित विधिको आवश्यकता पर्दछ ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाका शिक्षण र तालिम पाठ्यक्रम विकास गर्ने जिम्मेवारी पाएका कर्मचारीहरु ।<br>• विद्यालयका कर्मचारीहरु | |
| "विविधतालाई सम्मान गर्दै यसलाई कमजोरी होइनकि एउटा सामर्थ्यको रुपमा हेरिनु पर्छ ।" | • शिक्षक शिक्षा नीति, कार्यक्रम र वजेट हेर्ने शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाहरुका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाका शिक्षण र तालिम पाठ्यक्रम विकास गर्ने कर्मचारीहरु<br>• विद्यालयका कर्मचारीहरु | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

| पैरवी सन्देश के हो ? | कसले यसको सुनुवाई गर्नुपर्छ ? | तपाईले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "विद्यार्थीहरुका आवश्यकतासँग मिल्ने विद्यार्थी केन्द्रित, सहभागितामूलक शिक्षण विधिहरु प्रयोग गर्नको लागि विद्यार्थी शिक्षकहरुलाई तालिमको आवश्यकता पर्दछ। धेरैजसो विद्यार्थी शिक्षकहरुलाई यस्ता विधिहरुको निम्न वा शून्य अनुभव छ । उनीहरुलाई यी विधिहरु बुझ्न र प्रभावकारी रुपमा प्रयोग गर्न ठूलो सहयोग चाहिन्छ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाका शिक्षण र तालिम पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी पाएका कर्मचारीहरु<br>• विशेषगरी विद्यार्थी शिक्षकहरुलाई प्रयोगात्मक अभ्यासमा सहयोग गर्न खटाइएका विद्यालयका कर्मचारीहरु | |
| "समावेशी शिक्षण विधिहरु हुनको लागि अपाङ्गता भएका बालबालिकाहरुको सिकाईमा सहयोग गर्ने, लैङ्गिक समानताको प्रवर्धन साथै बहुकक्षा र बहुभाषी शिक्षण गर्ने जस्ता समावेशी क्रियाकलापहरुको प्रयोग गर्न सिकाउने तालिमको आवश्यकता पर्दछ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाका शिक्षण र तालिम पाठ्यक्रम निर्माण गर्ने कर्मचारीहरु । | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

| पैरवी सन्देश के हो ? | कसले यसको सुनुवाई गर्नुपर्छ ? | तपाईले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "स्थानीय समुदाय र कक्षाकोठाको वातावरणमा उपयुक्त हुने पाठ्यक्रम र सामग्रीहरुको अनुकुलन एवम् निर्माण गर्ने क्षमताको विकास गर्न विद्यार्थी शिक्षकहरुलाई शसक्तिकरण र तालिमको आवश्यकता पर्दछ ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाहरुका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाहरुका शिक्षण र तालिम पाठ्यक्रम निर्माण गर्ने कर्मचारीहरु ।<br>• विद्यालयका कर्मचारीहरु<br>• विद्यालय समुदायहरुका सदस्यहरु | |
| " विद्यार्थी शिक्षकहरुलाई समावेशी मूल्याङ्कन अभ्यासहरु बुझ्न र प्रयोग गर्न तालिमको आवश्यकता पर्दछ । यस्ता अभ्यासहरुमा निर्माणात्मक, निरन्तर, प्रामाणिक साथै निर्णयात्मक मूल्याङ्कनहरु पर्दछन् । शिक्षक शिक्षा संस्थाहरुले पनि सिकाई मूल्याङ्कन कार्यमा यस्तै किसिमका विधिहरु प्रयोग गर्नु पर्ने आवश्यकता छ ।" | • विद्यालय अनुगमन, मूल्याङ्कन र निरीक्षण सम्बन्धी कार्यक्रम हेर्ने शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• स्थानीय निकाय/जिल्ला/प्रान्त स्तरका विद्यालय अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने शिक्षा अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका शिक्षण र तालिम पाठ्यक्रम निर्माण गर्ने कर्मचारीहरु | |
| "छात्र शिक्षकहरुलाई वैयक्तिक सिकाई योजनाहरु निर्माण गरी विद्यार्थीहरुका व्यक्तिगत सिकाई आवश्यकतालाई ध्यान दिन सहयोग गरिनुपर्छ । सँगसँगै उनीहरुलाई समावेशी शिक्षामा प्रणालीगत अवरोधहरुका बारेमा सचेत रहन पनि सिकाउनु पर्दछ ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाका शिक्षण र तालिम पाठ्यक्रम निर्माण गर्ने कर्मचारीहरु ।<br>• विद्यालयका कर्मचारीहरु र विद्यालय समुदायका सदस्यहरु (विद्यार्थीहरु र अभिभावकहरु/परिवारहरु सहित) | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

| पैरवी सन्देश के हो ? | कसले यसको सुनुवाई गर्नुपर्छ ? | तपाईले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "छात्र शिक्षकहरुलाई उनीहरुको शिक्षक शिक्षा कार्यक्रममा लामो अवधिको व्यवहारिक अभ्यास शिक्षण अवसर प्राप्त हुनु पर्दछ ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• प्रयोगात्मक शिक्षण अभ्यासको क्रममा छात्र शिक्षकहरुलाई शिक्षण तथा सुपरिवेक्षण गर्न शिक्षक शिक्षा संस्थाबाट खटिएका कर्मचारीहरु ।<br>• शिक्षण अभ्यास सञ्चालन हुने विद्यालयका कर्मचारीहरु | |
| "शिक्षक प्रशिक्षकहरुले विद्यालय र विद्यालय समुदायहरुसँग राम्रो सम्बन्ध राख्नु पर्ने आवश्यकता छ साथै विद्यालयहरुमा काम गर्दाको अनुभवहरुको उपयोग गरी फाइदा लिनु पर्दछ ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• शिक्षक शिक्षा संस्थाका कर्मचारीहरु<br>• विद्यालयका कर्मचारीहरु र<br>• विद्यालय समुदायका अन्य सदस्यहरु | |
| "विद्यार्थी शिक्षकहरुका लागि शिक्षक शिक्षा संस्थाहरुमा उनका प्रशिक्षकहरुबाट र प्रयोगात्मक अभ्यास गर्ने विद्यालयहरुमा उनीहरुका शिक्षक पथप्रदर्शकहरुबाट रचनात्मक रुपमा निरन्तर सुपरिवेक्षण र सहयोगको आवश्यकता पर्दछ ।" | • शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• प्रयोगात्मक शिक्षण अभ्यासको क्रममा छात्र शिक्षकहरुलाई शिक्षण तथा सुपरिवेक्षण गर्न शिक्षक शिक्षा संस्थाका कर्मचारीहरु<br>• शिक्षण अभ्यास सञ्चालन हुने विद्यालयका कर्मचारीहरु | |

* पैरवी निर्देशिका -१ मा दिइएको सुझाव अनुसार तपाईंका आफ्नै विचारहरू यहाँ राख्नुहोस् ।

| पैरवी सन्देश के हो ? | कसले यसको सुनुवाई गर्नुपर्छ ? | तपाईले आफ्नो परिवेशमा यो सन्देशलाई कसरी प्रवाह गर्न सक्नुहुन्छ ?* |
|---|---|---|
| "विद्यार्थी शिक्षकहरुलाई विद्यालय भित्र र विद्यालय समुदाय (जस्तैः शिक्षक, अभिभावक र शिक्षक सहायकहरु) सञ्जालहरु सिर्जना गर्ने र उपयोग गर्ने बारेमा निर्देशन र अनुभवको आवश्यकता पर्दछ ।" | • शिक्षा मन्त्रालयका अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• शिक्षण र शिक्षक शिक्षा पाठ्यक्रम निर्माण गर्ने शिक्षक शिक्षा संस्थाका कर्मचारीहरु<br>• शिक्षण अभ्यास सञ्चालन हुने विद्यालयहरुका कर्मचारीहरु र अन्य विद्यालय समुदायका सदस्यहरु | |
| "विद्यार्थी शिक्षकहरु कार्यमूलक अनुसन्धानको सिलसिलामा आत्मसमीक्षा गर्न निपुण हुनु पर्दछ ।" | • शिक्षा मन्त्रालयमा शिक्षा सम्बन्धी अनुसन्धान गर्ने अधिकारीहरु<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरु<br>• प्रयोगात्मक शिक्षण अभ्यासको क्रममा छात्र शिक्षकहरुलाई शिक्षण तथा सुपरिवेक्षण गर्न शिक्षक शिक्षा संस्थाका कर्मचारीहरु<br>• विद्यालयहरु र विद्यालय समुदायका अन्य सदस्यहरु | |

United Nations
Educational, Scientific and
Cultural Organization

**UNESCO Bangkok**
Asia and Pacific Regional Bureau for Education

Mom Luang Pin Malakul Centenary Building
920 Sukhumvit Road, Prakanong, Klongtoey
Bangkok 10110, Thailand
E-mail: appeal.bgk@unesco.org
Website: www.unesco.org/bangkok
Tel: +66-2-3910577 Fax: +66-2-3910866